**प्रजातन्त्रका आधारभूत पक्षहरू**

- संवैधानिक सर्वोच्चता
- बहुलवाद
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्ति पृथकीकरण
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epratekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन १३ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७९


## नदी उत्खनन प्रकरण : कोल्हवी नपालाई वनको पत्र

प्रस, निजगढ, १२ फागुन/

मापदण्डविपरीत दुई सातादेखि निरन्तर कोल्हवीका ठेकेदारले बकैयाखोलामा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र ओसारपोसार कार्य जारी राखेका छन्। बिहान, दिउँसो र रातिपख पनि एक्साभेटरद्वारा नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र ओसारपोसार गरिरहेको स्रोतले जनाएको छ ।





तस्वीर: प्रतीक

वातावरणीय परीक्षण प्रतिवेदन (आइइई)मा खोलाको तोकिएको ठाउँबाट तोकिएको परिमाणमा मात्र ठेकेदारले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसार गर्न पाउने कानूनी प्रावधान छ । तर यसको विपरीत ठेकेदारले मापदण्डविपरीत अवैध उत्खनन गर्दासम्म जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालय बारालगायतका सरोकारवाला निकाय बेखबर छन् ।

केही दिनअघि यस दैनिकमा ठेकेदारद्वारा कानून, मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खनन भएको समाचार प्रकाशित भएपछि सो सम्बन्धमा डिभिजन वन कार्यालय, बाराले कोल्हवी नगरपालिकाको कार्यालयलाई पत्राचार गरेको थियो । डिभिजन वन कार्यालय, बाराले चनं १०६८ मा मिति २०७९/११/१० गतेको पत्रमा २०७९/८० मा लालबकैया खोलामा कुन आधारमा खोलाको ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन, बिक्री वितरण तथा व्यवस्थापनसम्बन्धी ठेक्का लगाइएको, ठेक्का लगाउँदा आवश्यक पर्ने आइइई कुन निकायबाट स्वीकृत गरिएको हो, जथाभावी टिपरहरूको प्रयोग गरी खोलाको क्षमताभन्दा बढी दोहन गर्नुका कारण खुलाइ पठाइदिन कोल्हवी नगरपालिकालाई पत्र काटेको छ ।

डिभिजन वन अधिकृत विनोद सिंहले स्थानीय पालिकाहरूले ऐन, कानूनको परिधिभित्र रहेर कार्य गर्ने गराउने र नियमन गर्नुपर्ने हुन्छ। खोला ठेक्का लगाइ ठेकेदारलाई सुम्पिदिने दिने, मोटो राजस्व प्राप्त गर्ने अनि नगरपालिका कानमा तेल हालेर बस्न नपाउने र ऐन, कानून कडाइका साथ नियमन गर्नुपर्ने बताए । जिल्लाबाट खटिगएका वन कर्मचारी, सशस्त्र वनरक्षकको टोलीले कोल्हवी नपा–२ स्थित झुरझुर नाकामा दुई दिनअघि तीन घण्टा नदीजन्य पदार्थ लोड र खाली टिपरलाई रोकेको थियो । ठेकेदारले दुई सातासम्म दादागिरी शैलीमा नेपाली सेनालाई समेत बेवास्ता गर्दै द्रुतमार्ग निर्माणका लागि काटिएका रूखको शोधभर्ना गर्न ११ हेक्टरमा १५ हजार रोपण गरिएका बोटबिरुवा, रूखलाई नराम्ररी असर गर्नेगरी धूलो उडाउँदै टिपरहरू गुडाउँदै नदीजन्य पदार्थ ढुवानी गर्दै आएको थियो । अहिले केही भागमा ग्राभेल बिछ्याइ पानी पटाउँदै आइरहेको स्थानीयले बताए ।

झुरझुर नाका भएर पुग्ने बकैया खोलामा रातदिन एक्साभेटर प्रयोग गरेर नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दै ओसारपोसार भइरहेको उनीहरूले बताए ।

कानूनसम्मतरूपमा मापदण्डले तोकेको परिमाणको नदीजन्य पदार्थ ग्राभेल ठेकेदारले जतिसुकै प्लट भएपनि एउटा खोलाबाट बढीमा तीन सय घनमिटर उत्खनन, सङ्कलन गर्न तोकिएको सडकबाट ढुवानी गर्न पाउनेछ। तर सो स्थानमा दैनिक १५ सयदेखि २५ सय घन मिटर नदीजन्य पदार्थ ओसारपोसार भइरहेको बताइन्छ ।

ठेकेदारको दादागिरी रवैयालाई जिल्ला अनुगमन समिति, बारा प्रहरी प्रशासन र मातहतका नियमनकारी निकायले दैनिक कति टिपर, टयाक्टर नदीजन्य पदार्थ ढुवानी र निकासी भएको छ, ठेकेदारद्वारा राखिएको अनलाइन बिलिङ कर्मचारीसँग दैनिकको रेकर्ड लिने, कति टिपर निकासी र घाटगड्डी गरेको छ, सोको अनुगमन, निरीक्षण, अध्ययन गर्दा ठेकेदारले गरेका गैरकानूनी हर्कत छर्लङ्ग हुन्छ ।

कोल्हवी नगरपालिकाले चालू आवमा ५७ लाख ११ हजार ८३५.५२ घनफिट नदीजन्य पदार्थको रु चार करोड एक रुपैयाँमा ठेक्का लगाएको छ ।

कोल्हवी नपाले नदीजन्य पदार्थको ठेक्का सकार गर्ने स्थानीय कम्पनीहरू प्रसाई निर्माण सेवा प्रालि, रियन्स निर्माण सेवा प्रालि, सिद्धार्थ निर्माण सेवा प्रालि, रामदुलारी कन्स्ट्रक्सन प्रालि/जेभी कोल्हवी बाराले संयुक्तरूपमा ठेक्का सकार गरी संक्षिप्त कर बीजकमा ठेकेदार कम्पनीको नामलाई छोटयाइ पि.आर.एस.एन्ड आरडी/जेभी, कोल्हवी बारा गरेर कानूनविपरीत कार्य गर्दै आइरहेको छ ।

कोल्हवीका ठेकेदारले गर्दै आइरहेको कानूनविपरीतका कार्यलाई नियन्त्रणमा ल्याउने जिल्ला समन्वय समिति बाराका अध्यक्ष नरेन्द्रकुमार साह र बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताएका छन। तर अनुगमन, निरीक्षण भने अहिलेसम्म पनि गरिएको छैन । जसले गर्दा कथनी र करनीमा फरक भएर अहिले उनीहरूको आलोचना पनि भइरहेको छ ।

## पोके तस्करले सशस्त्र प्रहरी कुटे

नितेश कर्ण, वीरगंज, १२ फागुन/

तस्करहरूको आक्रमणबाट सशस्त्र प्रहरीका दुईजना घाइते भएका छन् ।

वीरगंज महानगरपालिका–१ र २ को सीमामा पर्ने भकुवा नाकामा बिहीवार साँझ तस्करहरूले सशस्त्र प्रहरीका विष्णु सुवेदी र राजेश साहलाई कुटपिट गरी घाइते बनाएका छन्। हिजो साँझ सशस्त्र प्रहरीले भकुवा नाका भएर भारतको रक्सौलबाट श्रीसिया नदी पार गरेर नेपालतर्फ आइरहेका पोके तस्करहरूलाई रोक लगाएको थियो ।

सधैं सोही नाकाबाट पोका ल्याइरहेका तस्करहरूले अटेर गरेर ल्याउन खोजेका र सो क्रममा विवाद बढेपछि स्थानीयहरूको साथ सहयोग पाएका पोके तस्करहरूले सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए। आक्रमणमा दुईजना सशस्त्र प्रहरी घाइते भएका र पछि थप बल आएर दुईजना तस्करलाई पक्राउ गरेको थियो ।

सो नाकाबाट सशस्त्रले बिहानदेखि साँझ ६ बजेसम्म पोके तस्करहरूलाई निर्बाध आवतजावत गर्न दिने गरेको थियो। तर केही दिनदेखि साँझ साढे ६ बजेदेखि राजस्व टोलीले नाकाको अनुगमन गर्न शुरू गरेपछि सशस्त्रले सो समयमा रोक लगाउन थालेको स्थानीयहरूले बताए । पक्राउ परेका दुईजना तस्करलाई आवश्यक कारबाहीको लागि जनपद प्रहरीको जिम्मा लगाएको सशस्त्रले जनाएको छ ।


**हार्दिक समवेदना**



जन्म
१९९०/११/०६

स्वर्गारोहण
२०७९/११/१२

**स्व सीता गिरी**

ज्ञानज्योति मा.वि., बिर्ता, वीरगंजका संस्थापक निर्देशक **स्व परमानन्द गिरी**की धर्मपत्नी **सीता गिरी** ८९ वर्षको उमेरमा मिति २०७९ फागुन १२ गते १२:२० बजे ब्रह्मलीन हुनुभएकोले मृतात्माको चिरशान्तिको कामना गर्दै वैकुण्ठवास होस् तथा शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने हौसला मिलोस् भनी भगवान् श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

**ज्ञानज्योति माध्यमिक विद्यालय**

**बिर्ता, वीरगंज परिवार**


## दुर्घटनामा भारतीय युवकको मृत्यु

प्रस, वीरगंज, १२ फागुन/

मोटरसाइकल दुर्घटनामा शुक्रवार पोखरिया नगरपालिकामा एकजना भारतीय युवकको मृत्यु भएको छ ।

आज दिउँसो दुई बजे बिआर २२ एन ३७९६ नम्बरको भारतीय मोटरसाइकल र ना.१५प ५०३६ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएका थिए । दुर्घटनामा


(बाँकी पाँचौं पातामा)


## जनशक्ति अभावले न्याय प्रक्रिया ढिलो

प्रस, वीरगंज, १२ फागुन/

न्यायसँग जोडिएका धेरै विषय आफ्नो काबुभन्दा बाहिर रहेको कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले बताएका छन् ।

वीरगंजमा शुक्रवारदेखि शुरू भएको





तस्वीर: प्रतीक

कानून व्यवसायी महिलाहरूको तीन दिने भेलाको उद्घाटन गर्दै कामु प्रधानन्यायाधीश कार्कीले जनशक्ति अभावका बावजूद न्यायप्रणालीमा सुधार भएको दाबी गरे ।

उनले न्यायालयमा न्याय प्रक्रिया ढिलो हुने कारणले आलोचना भइरहेको चर्चा गर्दै कानूनी जटिलताले जनशक्ति अभाव पूरा हुन नसकिरहेको बताए । उच्च अदालतहरूमा अहिले पूर्ण दरबन्दीमध्ये एक चौथाइ न्यायाधीश रिक्त रहेको अवस्थामा केही नीतिगत परिवर्तन गरेर समयमैं इजलास बस्ने र चिया समयबाहेक अन्तिम समयसम्म काम गर्ने कार्यले अहिले मुद्दाको चाप घटेको बताए ।

उनले सर्वोच्च अदालतमा करीब तीस हजारवटा मुद्दा दर्ता रहेका र दैनिक मुद्दाहरू थपिने क्रम जारी रहेको बताए । उनले मुद्दाको पहिचान गरी पाँच वर्षभन्दा बढी समयका मुद्दालाई १५ दिनको तारिख दिएर त्यसपछिको १५ दिनमा मुद्दाको पेशी तोकेर मुद्दाको चाप घटाउँदै आएको बताए । उनले न्यायाधीश नियुक्तिमा हुन गएको ढिलाइले मुद्दाको सुनवाइ ढिला भइरहेकामा नियुक्ति प्रक्रियालाई पनि अगाडि बढाएको बताए ।





तस्वीर: प्रतीक

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले समाज परिवर्तनको जिम्मेवारी कानून व्यवसायीहरूको काँधमा आएको बताए । उनले कानून व्यवसायीहरूले संविधानको रक्षा गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । कार्यपालिका तथा व्यवस्थापिकाले न्यायालयलाई हेप्ने प्रवृत्ति नहटेसम्म न्यायप्रणालीमा सुधार नआउने उनले बताए ।

सर्वोच्य आदलतका न्यायाधीश सपनामल्ल प्रधानले कानून व्यवसायी महिलाहरू आफैंमा क्षमतावान् रहेको बताइन् । आफूलाई क्षमतावान् बनाए मौका खोज्दै आउँछ भन्दै महिला कानून व्यवसायीहरूलाई क्षमतावान् बनेर देखाउन सुझाइन् । उनले क्षमतावान् महिला कानून व्यवसायीहरू उच्च ओहदासम्म पुगेको बताइन्। उनले तीन दशकअघिसम्म महिला कानून


(बाँकी अन्तिम पातामा)


> महिला कानून व्यवसायीहरुको भेलामा नागरिकताको विषय प्रवेश गरेको छ । बारका अध्यक्षँ गोपालकृष्ण घिमिरेले मन्तव्यको क्रममा लामो समयदेखि सर्वोच्च अदालतमा रहेको नागरिकता तथा गैरआवासीय नागरिकता विधेयक टुङ्गो लगाउनु अहिलेको आवश्यकता रहेको प्रधानन्यायाधीश कार्कीको ध्यानाकर्षण गराएका थिए । संसद्बाट नागरिकता तथा गैरआवासीय नागरिकता विधेयक पास नहुँदा लाखौं नागरिक गैरनागरिक बनेका बताए । अहिले करीब पाँच लाख युवा अनागरिक रहेको उनले बताए ।

## ठोरीमा नीमको रूखबाट दूधजन्य पदार्थको वर्षा

चिरञ्जीवी सापकोटा, ठोरी, १२ फागुन/

ठोरी गाउँपालिका–१ सरस्वतीचोकमा फागुन ६ गते शिवरात्रिको दिनदेखि निरन्तररूपमा एउटा नीमको रूखको हाँगाबाट दूधजन्य पदार्थको वर्षा भइरहेको छ ।

शिवरात्रिको बिहान नीमको रूखबाट दूध जस्तै पदार्थ झरेको देखेको र सबैजनालाई देखाएपछि गाउँले सबै आश्चर्यचकित भएको रूखनजीक घर भएका स्थानीय नेत्रप्रसाद काफ्लेले बताए। अहिले उक्त स्थानमा पञ्चकलश स्थापना गरिएको र नित्य पूजाअर्चना भइरहेको काफ्लेले बताए। गाउँका सबैले नीमबाट वर्षिरहेको तरल पदार्थ खाएको र उक्त पदार्थ अत्यन्तै गुलियो रहेको उनले बताए । शिवरात्रिको दिनदेखि दैनिकरूपमा तीन लिटरभन्दा बढी दुग्धजन्य पदार्थ जम्मा हुने गरेको काफ्लेले प्रतीकलाई बताए ।

स्थानीय उत्तम माताले शीतल देवीको आगमन भएको, शीतल देवीले बास गरेको बताएपछि उक्त स्थानमा देवीको स्थापना गरिएको र दैनिक पूजा भइरहेको काफ्लेले बताए ।

शिवरात्रिको दिनदेखि सधैं नीमको रूखबाट दूध जस्तै देखिने मीठो पदार्थ वर्षा भएको देख्दा दैवी शक्ति भएको र विश्वास बढेको स्थानीय कमलविक्रम तिमल्सिनाले बताए । नीमको रूखबाट दूधको वर्षा भएको सुनेपछि सो स्थानमा अवलोकन र पूजनका लागि जानेहरूको सङ्ख्यामा पनि वृद्धि भएको तिमल्सिनाले बताए ।



तस्वीर: प्रतीक

### विचारसार र सूक्तिहरू

**घनिष्ठताको अभावमा शङ्का उत्पन्न हुन्छ । आफ्नो सामीप्यको मानिसमाथि शङ्का हुँदैन । शङ्काको औषधि सम्बन्ध, निकटता र घनिष्ठता हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## दयनीय अवस्था

**हाम्रो मुलुकमा तरकारीखेतीको लागि अति उत्तम माटो र हावापानी छ । हिमाल, पहाड र मधेसका माटो अनि हावापानीमा उत्पादन हुने फरक किसिमका तरकारी छन् । एकै नामका तरकारी भएपनि त्यसको स्वाद फरक हुँदा एकास्थानबाट अर्को स्थानका लागि नौलो स्वाद हुन्छ । अतः हामीले उत्पादन गरेको तरकारीको लागि बजार पनि हामीसँगै छ । दुर्भाग्य, सरकारको यसतर्फ ध्यान गएको छैन । केही स्थानमा कृषकले आफ्नै बलबुतामा केही उपलब्धि गरिरहेका छन् । त्यसका लागि पनि सरकारसँग प्रोत्साहनको शब्दसमेत छैन । सर्लाहीको लालबन्दीका किसानले सात महीनाको अवधिमा रु एक अर्बको तरकारी निकासी गरेछन् । सीमा जोडिएको छिमेकी जिल्लादेखि केही टाढा पोखरा, बुटवल, भैरहवा, रामेछापसम्म लालबन्दीको तरकारी पुगेको छ । यसमा सरकारको योगदान झन्डै शून्य बराबर देखिन्छ । लालबन्दी, मकवानपुरको पालुङलगायत केही स्थानमा तरकारीखेतीले निरन्तरता पाएको छ । चितवनलगायतका जिल्लाहरूमा तरकारी किसान एकपटक हौसिए पनि फेरि बौलाएका छन् । चितवनका किसानले त केही दिन पहिले सडकमा तरकारी फ्याँकेर विरोध प्रदर्शन गरे । तरकारीले बजार नपाएपछि उनीहरूले विरोध प्रदर्शन गरेका हुन् ।**

**नेपाली तरकारीले बजार नपाउनुको कारक भारतीय तरकारी हो । नेपाली तरकारीभन्दा निकै सस्तो दरमा घर आँगनमा नै भारतीय तरकारी आइपुग्ने भएपछि हाम्रो उत्पादन सडकमा फ्याँक्नुपर्ने अवस्था आएको हो । लालबन्दीमा पनि हरेक वर्ष तरकारी चौपायालाई खुवाएका खबरहरू आउने गरेका छन् । भारतीय तरकारी सस्तो मात्रै होइन, उसले स्वास्थ्यका लागि अति नै घातक विषसमेत लिएर आउने गरेको छ । भारतकै एक राज्यबाट अर्को राज्यमा तरकारी बिक्री गर्नुपर्दा विषादी परीक्षण गरिन्छ । तर हाम्रो नेपालमा पठाउने तरकारीमा त्यसो हुँदैन । नेपालबाट भारत जाने अदुवा, अलैंची र सुपारीमा गुणस्तर चेक गर्दै भारतले कडाइ गर्छ । गुणस्तर चेकजाँचको बहानामा महीनौंसम्म सडकमा नै सवारी उभ्याइदिंदा हाम्रो उत्पादन कुहिने, सड्ने र ढुवानी साधनको भाडा पनि धेरै लाग्ने गर्छ । त्यसो भएपछि किसानको साँवा पनि नउठ्ने अवस्थामा पुग्छ । आजित किसान पेशाबाटै विस्थापित भएका धेरै उदाहरण छन् ।**

**आफ्ना किसानलाई फाइदा हुनेगरी भारतले नीति बनाइरहेको छ । हरेक निर्णयमा उसले आफ्नो किसानको हित हेर्छ । हाम्रो मुलुकका सरकार सञ्चालकहरू भने यतिसम्म निकम्मा छन् कि भारतबाट आउने तरकारीको विषादी परीक्षण गर्ने हिम्मतसमेत राख्दैन । विषादी परीक्षण उपभोक्ताको हितमा त छ नै, यसो गर्दा नेपाली उत्पादनले प्राथमिकता पाउनेछ । किनभने नेपाली उत्पादन आफैंले उपयोग गर्नुपर्ने हुँदा घातक विषादी प्रयोग गरिदैन । चालू आर्थिक वर्षको छ महीनामा १७ अर्ब रुपैयाँको भारतीय तरकारी नेपाल भित्रिएछ । यो कानूनी बाटोबाट प्रवेश गराएको तरकारीको तथ्याङ्क हो । भारतसँग सीमा जोडिएको मुलुकका २२ वटा जिल्लामा सीमा खुला छ । त्यहाँबाट रेकर्डविना नेपाल प्रवेश गर्ने हरियो तरकारीको कुनै हिसाब नै छैन । तरकारी उत्पादक किसानको लागि भारत सरकारले मल, बीउ, विषादी, सिंचाइ र लगानीमा सहुलियत दिएको छ । बजार व्यवस्थाका लागि अन्य मुलुकसँग कुरा गर्न सरकार तयार छ । यी सबै कुरामा नेपाली कृषक [redacted] ।**

# राज्यको जूठोपुरो चाट्न लालायित हुनेहरू कम्युनिस्ट होइनन्



स्वतन्त्र विचार


बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**सशस्त्र बल प्रयोगविना कुनै पनि सत्ता ढल्दैन भन्ने कुराको ज्ञान राख्नै पर्छ । आत्मनिर्भरताको बाटोमा पार्टी र कार्यकर्तालाई लगेर समाजवादी अर्थतन्त्र निर्माण गर्दै सशस्त्र बलबाट प्रतिक्रियावादी सत्तालाई निमिटयान्न पार्नुपर्छ ।**

### सिद्धान्तको अध्ययन र आत्म विकासबीच एकता गर

हामी कम्युनिस्टहरूले विचारधारात्मक आत्मविकासबाट सैद्धान्तिक अध्ययनलाई छुटयाउनुहुँदैन । हामीले केवल क्रान्तिकारी व्यवहार मात्र होइन, मार्क्सवाद–लेनिनवादको अध्ययनमा पनि आफूलाई समर्पित गर्नुपर्छ । सर्वहारावर्गीय विचारलाई मन्थन गर्नुपर्छ । तर सिद्धान्तमा चोखो भएपछि क्रान्तिकारी व्यवहार चाहिंदैन भन्ने सोच पनि गलत हुन्छ । हामीले कामदार वर्गबाट आएका कति राम्रा–राम्रा पार्टी सदस्यहरू देखेका छौं, जसलाई मार्क्सवाद–लेनिनवादको पक्का ज्ञान छैन । तर सिद्धान्तप्रति गहिरो चाख राख्छन् र त्यसलाई व्यवहारमा ढाल्न कोशिश गर्छन् ।

मार्क्सवाद–लेनिनवाद सर्वहारावर्गीय क्रान्तिको विज्ञान हो, जुन विज्ञानद्वारा कामदार वर्गले समाजवाद र साम्यवादको निर्माण गर्दछ । त्यो व्यक्तिले मात्र यसलाई छिचोलेर बुझ्न सक्छ, जसले यसमाथि पूरा अख्तियार गर्न सक्छ, जसको दृढ सर्वहारावर्गीय अडान छ, जसले सर्वहारा वर्गको आदर्शलाई आफ्नै आदर्श बनाएको छ । जो सच्चा क्रान्तिकारी छैन, हृदयदेखि नै सर्वहारावर्गीय क्रान्तिकारी होइन, त्यसले मानवजातिको मुक्ति सङ्घर्षमा विजय हासिल गर्न सक्दैन । जस्तो कि हाम्रो संसद्वादी तथाकथित कम्युनिस्ट पार्टीहरू र तिनका नेता कार्यकर्ता ।

### साम्यवादको लक्ष्यप्रति दृढ बन

वर्ग सङ्घर्ष विचारधाराबीचको सङ्घर्ष हो, यसले समाजमा भएको वर्ग सङ्घर्षलाई प्रतिविम्बित गर्दछ । साम्यवादी विश्व दृष्टिकोणले गैरसाम्यवादी विश्व दृष्टिकोणमाथि विजय हासिल गर्नुपर्छ । व्यक्तिवादमाथि विजय हासिल गर्नुपर्छ र यसको उन्मूलन गर्नुपर्दछ । ससाना जीतहारबाट तरङ्गित हुने व्यक्तिले व्यक्तिवादमाथि विजय हासिल गर्न सक्दैन, कुनै पनि कम्युनिस्टका निम्ति यस्तो हुनु डरलाग्दो र खतरनाक कुरा हो । संसद्बाट कहिले पनि समाजवाद आउन सक्दैन । आउँछ भन्नु धुर्त्याइँ र फटाहा कुरा मात्र हो ।

कम्युनिस्ट पार्टीका सदस्यको मूल कर्तव्य के हो ? साम्यवाद प्राप्त गर्नु हो । साम्यवादी विश्व मात्र त्यस्तो विश्व हो, जसले शोषण व्यवस्थाबाट उब्जने अन्धकार, अज्ञानता, पछौटेपन अन्त्य गर्नेछ । समाजमा भौतिक मूल्य र नैतिक मूल्यबीच मिलन हुनेछ । त्यसभित्र सबै मानिसका खाँचाहरू पूरा हुन्छन् । त्यस बखत सारा मानवजाति निस्स्वार्थ, बुद्धिमान, अत्यन्त सुसंस्कार र शिल्पयुक्त कम्युनिस्ट कामदार हुनेछन्, मानिसहरूबीच पारस्परिक सहयोग र स्नेह हुनेछ । त्यस बेला पारस्परिक शङ्का, धोका, पारस्परिक हानिनोक्सानी, पारस्परिक हत्या र युद्धजस्ता अनुचित व्यवहार हुनेछैनन् । यो निश्चय नै मानव इतिहासमा सबैभन्दा राम्रो, सबैभन्दा सुन्दर र सबैभन्दा विकसित समाज हुनेछ । यो सबै हिसाबले काल्पनिक रामराज्य जस्तो विभेदयुक्त नभई सबैको लागि समान हुनेछ ।

### व्यक्तिका हित पार्टीको अधीनमा राख

साम्यवादी पार्टी सर्वहारा वर्गको पार्टी हो, सर्वहारा वर्गको मुक्तिबाहेक यसको अर्को कुनै उद्देश्य छैन । सर्वहारा वर्गको मुक्ति नै सम्पूर्ण मानवजातिको मुक्तिको पूर्वशर्त हो । माओत्सेतुङ भन्छन्, "कहिल्यै पनि र कुनै पनि हालतमा साम्यवादीले आफ्ना व्यक्तिगत हितलाई प्राथमिकता दिनुहुँदैन, उसले तिनलाई राष्ट्र र आमजनताका हितहरूको अधीनमा राख्नुपर्छ । सारा शक्तिले काम गर्नु, सार्वजनिक जीवनमा दिलोज्यानले लाग्नु र खूब परिश्रमी बन्नु साम्यवादीको विशेषता हो । एउटा कम्युनिस्टमा पहिला उसको उच्च साम्यवादी नैतिकता हुन्छ । दृढ सर्वहारावर्गीय अडान हुनुपर्छ, आफूलाई उत्पीडितहरूको ठाउँमा राखेर हेर्न सक्ने हुनुपर्छ । ऊ अरूको मर्म बुझ्न सक्ने, कामदार वर्गप्रति सद्भाव र प्रेम दर्शाउन सक्ने, खुल्ला दिलले उनीहरूलाई सघाउन सक्ने हुनुपर्छ । ऊ मानवजातिका सम्पूर्ण शत्रुसँग डटेर मुकाबिला गर्न र मुक्ति सङ्घर्षमा आफूलाई अविचलित राख्न सक्ने हुनुपर्छ । समग्रमा एउटा साम्यवादी व्यक्तिवादका विरुद्ध उभिन सक्ने हुनुपर्छ । न कि आफू पद पाउनको लागि पार्टी र सिद्धान्तलाई भड्खालोमा हाल्ने ।

### पार्टीभित्रका गलत विचारधाराका विरुद्ध लड

हाम्रो पार्टीभित्र केही गलत विचारहरू छन्, ती विचारले साम्यवादी लक्ष्यको सेवा गर्दैनन् । धेरैले साम्यवाद ल्याउने भनेर सर्वहारा वर्ग र मानवजातिको मुक्तिका लागि भनेर महान् सङ्घर्ष गर्छन् । तर केही कामरेडहरू छन्, जसले साम्यवादको लक्ष्यको कुरा गरे पनि काममा त्यसो गर्दैनन् । जस्तो कि किसान पृष्ठभूमिका केही कामरेडहरू साम्यवाद भनेको स्थानीय किसानलाई नङ्ग्याउनु र जमीनको बाँडफाँड गर्नु हो भनेर सोच्छन् । अर्काथरी चाहिं चिनियाँ कम्युनिस्ट पार्टी शक्तिशाली भएकोले हाम्रो पछाडि लागेका छन् । उनीहरू अस्पष्ट विचार बोकेर हाम्रो पार्टीमा मिसिएका छन् ।

कतिपय चाहिं अन्य कुनै उपाय नदेखेर कम्युनिस्ट पार्टीमा लागेका छन्, कामबाट निकालिएर, अध्ययन गर्ने साधन नपाएर, कुनै निश्चित पेशा नभएर, पारिवारिक बोझ खप्न नसकेर, करकापमा बिहे गर्नुपरेकाले पनि कम्युनिस्ट पार्टीमा आएका छन्, थोरै त्यस्ता व्यक्ति पनि आउँछन्, जो आफ्नो कर घटाउन पार्टीको सहारा खोज्छन् । यस्ता थुप्रै गलत विचार पनि पार्टीमा भित्रिएका छन् । त्यसैगरी, पार्टीभित्र गुटवादी, विभागवादी, पृथकतावादी, फुटपरस्त विचार पनि भित्रिएका छन्, दुस्साहसवादी, महात्त्वाकाङ्क्षी विचार पनि त्यत्तिकै छन्, यी सबैका विरुद्ध लडेर साम्यवादी लक्ष्यमा हिंड्नु कम्युनिस्टको उच्च दायित्व हो । आत्मनिर्भरताको लागि सबै सदस्य उत्पादनसँग जोडिनैपर्छ ।

### पार्टीभित्र गलत विचारधाराको स्रोत

कम्युनिस्ट पार्टी उन्नत विचार बोकेका क्रान्तिकारीहरूको सर्वोत्तम पार्टी हो । तर कम्युनिस्ट पार्टीमा पनि केही काला दागहरू छन् । हाम्रो पार्टीसँग जनताको अटुट सम्बन्ध हुन्छ, हामीसँग भेटघाट गर्न सहानुभूति राख्नेहरू आउँछन्, हाम्रो मुख ताक्ने तरुनी, तन्नेरीहरू र अरू मानिसहरू अध्ययन गर्न पार्टीमा आउँछन् । उनीहरू आउँदा सबै असल र प्रगतिशील कुराहरू मात्र लिएर आउँदैनन्, आफ्नो घरमा, परिवारमा, समाजमा भएका विचार र संस्कार पनि बोकेर ल्याउँछन् ।

कतिपय मान्छेले कम्युनिस्टहरूलाई एकदमै असल र आदर्शवादीका रूपमा मात्र सोच्छन् । उनीहरू ठान्छन्, "साम्यवादीहरू भएभरका न्यायोचित पक्षको कुरा लिन्छन्, साम्यवादी सबैभन्दा असल मानिस हुन् । यस्तो पार्टीमा खराब र घिनलाग्दा मानिस किन राखेका ?" पार्टीमा लाग्नुअघि समाजका जुन घिनलाग्दा मानिससँग उनीहरू वाक्क थिए, पार्टीमा पनि त्यस्तै मानिसहरू देखेपछि उनीहरू टोलाउँछन् र निराश हुन्छन् । उनीहरू ठान्दैनन् कि कम्युनिस्ट पार्टीमा पनि गलत विचार हुन्छन् र तिनीहरूविरुद्ध लडिरहनुपर्छ ।

### अन्तरपार्टी सङ्घर्षमा क्रान्तिकारी पक्षधरता

पार्टीभित्रको अन्तरसङ्घर्षलाई पनि गतिशील रूपमा हेर्नुपर्छ । तर कतिपयले यसलाई गतिहीन रूपमा हेर्छन् । पार्टीभित्र बहस र फरक मत हुनु ठूलो कुरा होइन । त्यस्तो सङ्घर्ष सधैं रहन्छ । तर मूल कुरा त्यसको समाधान कसरी गर्ने ? कस्तो पद्धति अवलम्बन गर्ने, विकृति र गैरसाम्यवादी कुरा कसरी हटाउने ? त्यसमा जोड दिनुपर्छ । अन्तरसङ्घर्षको विधि नै त्यस्तो विधि हो, जसले गैरसाम्यवादी विचार र चिन्तनलाई पराजित गर्न शक्ति प्रदान गर्दछ । विकासको आवश्यकता र वस्तुगत नियम अनुसार नै कम्युनिस्ट पार्टीमा समस्याहरू आउँछन् । तिनको समाधान यान्त्रिक र मनोगत तरीकाले सम्भव हुँदैन । अन्तरसङ्घर्षमा वामपन्थी अवसरवाद पनि निकै खतरनाक हुन्छ, त्यसले सधैं फाइदा उठाउने कोशिश गर्छ । उनीहरूले यान्त्रिक र उत्ताउलो तरीकाले सङ्घर्ष चर्काउँछन्, जानीबुझी पार्टीमा विवाद सिर्जना गर्छन् र नेतृत्वको पक्षमा उभिएर आफू क्रान्तिकारी बन्न कोशिश गर्छन् । एउटा साम्यवादीले यी सबै अतिवादका विरुद्ध सङ्घर्ष गर्न सक्नुपर्छ ।

### गलत विचार कस्ता हुन्छन्, लड्ने कसरी ?

सबैभन्दा पहिले पार्टीमा आएका विभिन्न विचारहरूको पृष्ठभूमि, सङ्गति, परिस्थिति र पक्षधरता बुझ्नुपर्दछ । त्यसका आधारमा सही र गलतको फैसला गर्न सक्नुपर्दछ । पार्टीमा एकाग्रताको भावना विकसित गर्नुपर्दछ, गलत विचारधारासँग सम्झौता गर्नुहुँदैन । अन्तरसङ्घर्षमा उदार नबन । तर यान्त्रिक र उग्र प्रवृत्ति नलेऊ । सिद्धान्तको विषयमा राम्रो वैचारिक समझदारी राखेर सङ्घर्ष गर ।

सुधार्न सकिने कमरेडहरूलाई सच्चाउने कोशिश गर्नुपर्छ, सबै सम्बन्ध र सङ्घर्षहरू रूपान्तरणमा आधारित हुनुपर्छ । आलोचना गर, मन्थन गर र नयाँ साँचोमा ढाल । तर सङ्घर्षको नशा सेवन नगर । अन्तरपार्टी सङ्घर्षलाई प्रतिष्ठाको विषय बनाउनुहुँदैन । तर सुधार्न नसकिने कमरेडहरूलाई पार्टीबाट निष्कासनसम्म गर्न तयार रहनुपर्दछ । एउटा कम्युनिस्टले पार्टीभित्र सधैं मार्क्सवादी–लेनिनवादी प्रवृत्ति लिनुपर्छ । ध्वंशात्मक र उग्र उदारवादी प्रवृत्तिबाट मुक्त भएर सङ्घर्ष गर भन्ने पद्धतिलाई आत्मसात् गर्नुपर्दछ । पार्टीभित्र कमरेडली भावना, वर्गीय प्रेम, सरसहयोग, क्रान्तिप्रतिको असीम माया, वर्ग दुश्मनप्रतिको तीव्र घृणाप्रतिको हुनैपर्छ । कुनै पनि बन्दुकको बलमा टिकेको सत्ता निर्वाचनद्वारा समाप्त पार्न सकिंदैन, त्यसलाई सशस्त्र बलबाट नै ढाल्नुपर्छ । सशस्त्र बल प्रयोगविना कुनै पनि सत्ता ढल्दैन भन्ने कुराको ज्ञान राख्नै पर्छ । आत्मनिर्भरताको बाटोमा पार्टी र कार्यकर्तालाई लगेर समाजवादी अर्थतन्त्र निर्माण गर्दै सशस्त्र बलबाट प्रतिक्रियावादी सत्तालाई निमिटयान्न पार्नुपर्छ ।

# भाखा नाघेको ३० दिनभित्र साँवा, ब्याज तिरेमा पेनाल ब्याज लिन नपाइने

काठमाडौं, १२ फागुन/रासस

बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणीले ऋणको भाखा नाघेको ३० दिनभित्र साँवा र ब्याज भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाइने भएको छ । नेपाल राष्ट्र बैंकले 'बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशन, २०७९' संशोधन गर्दै यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

"ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा र ब्याजको दायित्व भाखा नाघेको ३० दिनभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन पाइनेछैन । यो व्यवस्था २०८० जेठ मसान्तसम्ममा भुक्तानीको भाखा रहेको साँवा र ब्याजमा मात्र लागू हुनेछ," राष्ट्र बैंकको निर्देशनमा भनिएको छ तर कुनै ऋणीले छुट पाउने अवधिभित्र साँवा र ब्याज भुक्तानी नगरेमा बैंक तथा वित्तीय संस्थाले सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज ऋणीसँग लिन सक्नेछन् ।

राष्ट्र बैंकले कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरणसम्बन्धी व्यवस्थामा पनि संशोधन गरेको छ । साना तथा मझौला उद्योग–व्यवसाय सञ्चालनमा सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु दुई करोडसम्मको कर्जालाई विभिन्न शर्त राखेर पुनर्संरचना र पुनर्तालिकीकरण गर्न सकिने राष्ट्र बैंकले जनाएको छ ।

"रु दुई करोडसम्मको कर्जालाई सम्बन्धित ऋणीको अनुरोधमा उद्योग, व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी एकपटकका लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असुल उपर गरी कर्जाको पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्न सकिनेछ," राष्ट्र बैंकले भनेको छ ।

यो सुविधा पाउन यस्तो पुनर्तालिकीकरण र पुनर्संरचना २०८० असार मसान्तभित्र गरिसक्नुपर्ने शर्त राष्ट्र बैंकले राखेको छ । त्यस्तै, यसरी पुनर्तालिकीकरण वा पुनर्संरचना गर्दा २०७९ पुस मसान्तमा सक्रिय वर्गमा वर्गीकरण भएको हुनुपर्नेछ । पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएका कर्जालाई असल वर्गमा वर्गीकरण गरी एक दशमलव तीन प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ ।

### सरकारले आकस्मिकरूपमा घोषणा गर्ने बिदामा बैंकले सेवा दिने

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको कार्यालय समयसम्बन्धी व्यवस्थामा संशोधन गरेको छ । सरकारले आकस्मिकरूपमा घोषणा गर्ने सार्वजनिक बिदाका दिन पनि अब बैंक तथा वित्तीय संस्थाले सेवा दिनुपर्ने व्यवस्था राष्ट्र बैंकले ल्याएको हो ।

यसअघि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंक खुलेको दिनबाहेक अन्य दिन सेवा दिनुपरेमा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरीवेक्षण विभागमा पूर्वजानकारी गराउनुपर्ने व्यवस्था रहेको थियो । तर अब आकस्मिकरूपमा घोषणा गरिएका सार्वजनिक बिदामा बैंक तथा वित्तीय संस्थाले अनिवार्यरूपमा सेवा दिनुपर्नेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ | २०७९ फागुन १३ गते शनिवार | 2023 February 25 Saturday



## कवयित्री गीता भण्डारीको “एक्काइसौं शताब्दीमा हामी” हेरेपछि

मधेस प्रदेशमा बसेर नेपाली साहित्यको सिर्जनमा धेरै प्रतिभा सक्रिय छन् । गाउँदेखि शहरसम्म सक्रिय प्रतिभाहरूले नेपाली साहित्यको उत्थानमा उल्लेखनीय योगदान दिइरहेका छन् । यस्ता प्रतिभामध्ये आफूलाई परिचित गराउन सफल एक हुनुहुन्छ– गीता भण्डारी । वीरगंजमा बसेर साहित्य सिर्जना गरिरहनुभएकी भण्डारी साहित्यिक चौतारी नेपालकी अध्यक्ष हुनुहुन्छ । यसैगरी, नारायणी वाङ्मय प्रतिष्ठानमा पनि हुनुहुन्छ । मुख्यगरी पर्सेली साहित्यमा आफ्नो पहिचान कायम गर्दै साहित्य र समाजसेवामा लाग्नुभएकी भण्डारीको एउटा कृति प्रकाशित छ – ‘एक्काइसौं शताब्दीमा हामी’ ।

यो कवितासङ्ग्रह हो । कृति प्रकाशन गरेको छ– साहित्यिक चौतारी नेपालले । कृतिको प्रकाशन २०७९ मा भएको छ । र मेरो हातमा रहेको पहिलो संस्करण हो । यस संस्करणमा बीसवटा कविता सङ्कलित छन् ।

सङ्कलनको पहिलो कविता ‘एक्काइसौं शताब्दीमा हामी’ रहेको छ । गतिवान समय बगिरहेको भएपनि मानव समाजका कतिपय समस्या जस्ताको तस्तै रहेको बताउँदै कविताको आरम्भ यसरी गरिएको छ–

माथि,<br>
खुल्ला आकाशमा देखिएका<br>
ती असङ्ख्य ताराका झुप्पाहरू<br>
तीव्र गतिको हावाको वेगझैं<br>
तेजले बग्ने समुद्री सतहको बहावझैं<br>
पत्तै नपाई निरन्तर<br>
बगिरहेको छ शताब्दी<br>
द्रुत गतिमा दौडिरहने<br>
हरेक मानवीय मनोज्ञान तारिरहेछ<br>
जीवनभित्रको जीवन्त खाकामा ।


सङ्ग्रहको दोस्रो कविता हो– ‘पहिचान’ । यस कवितामा श्रमिकले पनि पहिचान पाउनुपर्ने र श्रमिकको पहिचान भएको समाज निर्माणको चाहना अभिव्यक्त छ । तेस्रो कविता हो– ‘लेखक’ । यस कवितामा विश्वका कुना कुनाको इतिहास लेख्ने लेखकले उच्च सम्मानपूर्ण जीवन व्यतीत गर्न पाउनुपर्ने बताइएको छ । अर्को कविता हो– ‘माग्ने’ । प्रत्यक्ष वा परोक्ष किसिमले माग्ने धेरै किसिमका हुने बताइएको छ, यस

**स्वान्त सुखाय:**




सञ्जय मित्र
mitrasanjay41@gmail.com


कवितामा । माग्ने भनेर हेप्न नहुने बताइएको छ । ‘प्रतीक्षा’ शीर्षक कविता




प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । मानिसको सानैदेखिको चाहना एउटा आश्रयस्थल हुने गरेको बताउँदै कतिपय चाहना समुद्र किनारमा छालले बालुवामा लेखिएको कुरो मेटाएझैं हराउने गरेको पनि बताइएको छ । अलिकति आक्रोश र अलिकति असन्तोषको सम्मिश्रण रहेको ‘अनुत्तरित प्रश्न’मा प्रेमसित सम्बन्धित रहेर प्रश्नहरू आएका छन् । एक ठाउँमा भनिएको छ–

म सोच्ने गर्छु<br>
प्रेम सजीवमा गनिन्छ<br>
या त निर्जीवमा ?<br>
प्रेमलाई ठोसमा राखेर हेरूँ<br>
या तरलमा ?<br>
युद्ध चलिरहन्छ दिमागमा<br>
तरल कसरी भनूँ ?<br>
मनलाई जो पत्थर बनाउँछ ।<br>
ठोस पनि त भन्न सक्दिनँ<br>
आँखाले सागर बनाएर पौडी खेल्छ ।

‘जीवन’ शीर्षकको कविताको आरम्भ दार्शनिक सोचबाट भएको छ । जीवनको खोजीमा बरालिएकाहरूले पनि अन्त्यमा मृत्यु नै पाउने गरेको यसमा बताइएको छ । ‘यथार्थ’ शीर्षक कविताले जीवनलाई दार्शनिकरूपमा बुझाउने काम गरेको छ । सङ्ग्रहको निकै राम्रो कविता हो– ‘आमा’ । मौलिक शैलीमा आरम्भ गरिएको यस कविताको कथ्य र सन्देश साँच्चिकै सुन्दर रहेको छ । आमाको अनुभव र अनुभूतिलाई सहज तरीकाले राखिएको यो उत्कृष्ट कविता हो । ‘समय (घडी)’ शीर्षकको कवितामा निरन्तर बगिरहने समय कसैको प्रभावमा नरहेको बताइएको छ । बाहिरबाट हेर्दा आकर्षक लाग्ने ‘शहर’को भीडमाथि एक्लोपनप्रति असन्तोष प्रकट गरिएको छ । एक सजीव मनमा उब्जिरहने अनेकानेक प्रश्नहरू हुन्छन् । प्रश्नहरू उब्जिने मनलाई ‘नदी’सित तुलना गरिएको छ । ‘झ्याल अनि ढोका’लाई अस्पतालको प्रतीक मानिएको छ । यस कवितामा हरेक दिन जन्म पनि आउने गरेको र मृत्यु पनि जाने गरेको यथार्थलाई मर्मस्पर्शी शैलीमा प्रस्तुत गरिएको छ । ‘शताब्दीलाई प्रश्न’ कविता आक्रोशको प्रस्फुटन हो । समाजमा व्याप्त असमानता, विभेद र अन्धविश्वासप्रति आक्रोश व्यक्त गरिएको छ । यस कवितामा समाजका यथार्थतालाई देखाइएको छ । यो प्रगतिशील कविता हो ।

यसैगरी, अर्को प्रगतिशील कविता हो– ‘युग’ । मानवको पहिचान मानवको रूपमा हुनुपर्ने बताउँदै यस कवितामा विभेदप्रति विद्रोह प्रकट गरिएको छ । समाजको रूपान्तरण गर्न जाति, धर्म, सम्प्रदाय आदिको नाममा भइरहेको शोषणलाई अन्त्य गरिनुपर्ने भावाभिव्यक्त गरिएको छ । ‘छुवाछूत’ अब समाजबाट

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ–२३

**जीवनचक्र**

अमेरिकीहरूको जीवनचक्र एउटा वृत्तमा घुम्छ । अनि एउटा (अन्तिम) बिन्दुमा समाप्त पनि हुन्छ । एउटा पद्धतिभित्र रहेर चल्ने अमेरिकी जीवन हेर्दा कुनै बेला निराशाले भरिएको त कुनै बेला स्वतन्त्र र उन्मुक्त लाग्छ ।

शिशुको रूपमा अमेरिकीहरूको जीवन प्रारम्भ युवा मातापिताको घरबाट हुन्छ । मातापिताको लालनपालनमा उनीहरू हुर्कन्छन् । मातापिता जागीरमा व्यस्त हुनुपर्ने कारणले गर्दा आफ्नो शिशु र शैशवकालको ठूलो अंश भने ‘डे केयर सेन्टर’मा बिताउँछन् । मातापितासँग धेरै समय बिताउन पाउँदैनन् । यहाँसम्म कि केहीले आमाको दूध पनि खान नपाएर बोतलको दूध खान्छन् । कम समय मात्र आमाको स्तनबाट खान पाउँछन् ।

अमेरिकीहरू प्राइमरी र हाईस्कूल जाँदासम्म मातापिताको निवासमा बस्छन् । मातापिताको घरमा बसेर उच्च माध्यमिक शिक्षा समाप्त गर्छन् । तर कलेज जान थालेपछि वा १८–२० वर्ष उमेर पुगेपछि मातापिताको घर छाड्छन् । आफ्नो गृहस्थी र शिक्षा खर्च धान्न जागीर गर्न थाल्छन् । यो अवस्थामा राम्रो आम्दानी नहुने भएकोले भाडाको घरमा अर्थात् ‘अपार्टमेन्ट’ मा बस्छन् । सामान्यतया अपार्टमेन्टमा बसेर केलजको

**धारावाहिक**




विश्वराज अधिकारी
akoutilya@gmail.com


शिक्षा समाप्त गर्छन् । आफ्नोलागि पति वा पत्नीको खोजी पनि अपार्टमेन्टमा बसेर नै गर्छन् । प्राय: विवाह पनि अपार्टमेन्टबाटै गर्छन् । धनी मातापिताका सन्तानहरूले पनि यसरी नै गर्छन् ।

कलेजको शिक्षा समाप्त भएको र जागीरबाट पहिलेभन्दा राम्रो आम्दानी हुन थालेकोले यो पछिल्लो स्थितिमा नयाँ वा पुरानो घर खरीद गर्छन् । घर, कार, घरायसी सामानको ऋण पत्नी र पति मिलेर भुक्तान गर्छन् । उनीहरूबाट सन्तान हुन्छ । सन्तानको आगमनले उनीहरूलाई बसिरहेको घर सानो लाग्न थाल्छ । ठूलो घर खरीद गर्छन् । घरमा अनेक सुविधाहरू थप्छन् ।

ठूलो घरमा बसिरहेको र आम्दानी पनि बढेको अवस्थाले, उनीहरूलाई अझै ठूलो घर खरीद गर्न, प्रोत्साहित गर्छ । घरमा जम्मा चारजना (आफू दुई र सन्तान दुई) छन् भने थप एउटा गरेर पाँचवटासम्म गाडी खरीद गर्छन् । आम्दानीले भ्याएसम्म अनेक विलासी वस्तु जस्तै विशाल भवन, घरयुक्त गाडी (RV–Recreational Vehicle), वाटरबोट, ट्रक आदि खरीद गर्छन् । विलासी वस्तुको सङ्ख्यामा आम्दानीले सकेजति वृद्धि गर्छन् ।

यो अर्को अवस्थामा, जब आफ्ना छोराछोरीले (मातापिताको) घर त्याग गरेर आफ्नो निवास वा अपार्टमेन्टमा बस्न आरम्भ गर्छन्, मातापितालाई आफूहरू बसेको घर ठूलो लाग्न थाल्छ । ठूलो घर राख्नु खर्चिलो पनि हुन पुग्छ किनभने आम्दानीमा वृद्धि भएको हुँदैन र अर्ध एवं पूर्ण विलासी वस्तुहरूको मरम्मतसम्भारमा धेरै खर्च गर्नुपर्ने हुन्छ । चढ्दो उमेरले बढी कमाउन पनि दिँदैन । यो अवस्थामा आफू बसेको ठूलो घर बिक्री गर्छन् ।

(बाँकी पाँचौं पातामा)

## स्वास्थ्य प्रयोगशाला (४)

**जाँच शुल्कमा अन्तर**

जाँच शुल्कबारे अध्ययन गर्दा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको तुलनामा सरकारी अस्पतालमैं दुई/तीन गुणा फरक रहेको पाइन्छ । त्यसैगरी, निजी अस्पताल तथा केवल प्रयोगशाला (स्टयान्डोलोन) सेवा प्रदान गर्ने प्रयोगशालाहरूमा जाँच शुल्क तीनदेखि आठ गुणाभन्दा बढी शुल्क बिरामीहरूले तिर्न बाध्य छन् ।

निजी प्रयोगशालामा एपिटिटीको फोटुप्टिकल क्लट डिटेक्सन (Photooptical Clot Detection) विधिबाट जाँच शुल्क रु ८०० पर्छ भने राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको सूचीमा उल्लेख भए अनुसार जाँच शुल्क रु १५० तोकिएको छ । वर्तमान परिप्रेक्ष्यमा मधुमेहको निरन्तर जाँच गराइरहने बिरामीको सङ्ख्या उच्च छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा मधुमेहको जाँच शुल्क फास्टिङको रु २५ तथा पिपीको रु २५ गरी दुवैथरी जाँचको जम्मा रु ५० पर्छ । नारायणी अस्पताल, वीरगंजमा मधुमेहका दुवैथरी अवस्थाको जाँच शुल्क रु १३० छ भने निजी प्रयोगशालाहरूले डेढ सयदेखि दुई सय रुपैयाँसम्म लिने गर्छन् । त्यसैगरी, हेमोग्लोबिनको राष्ट्रिय जनस्वास्थ्य प्रायोगशालामा जाँच शुल्क रु २५ छ भने वीरगंजको नारायणी अस्पतालमा रु ५० र निजी प्रयोगशालाहरूले रु सयदेखि डेढसम्म लिने गरेका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा डेंगु रेपिडको जाँच शुल्क रु ८०० छ भने निजी प्रयोगशालामा Dengue IgG & IgM को कतै रु एक हजार त कतै रु डेढ हजार तोकिएको छ । त्यसैगरी, कमप्लिट ब्लड काउन्ट (CBC) जाँच शुल्क राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा रु १७५ छ भने निजी प्रयोगशालाहरूले रु ४०० लिने गरेका छन् । यो त केवल उदारण मात्र हो ।

सरकारी तथा निजी अस्पतालका साथै केवल प्रयोगशाला सेवा मात्र प्रदान गर्ने स्वास्थ्य प्रयोगशाला प्रदायकहरूले बिरामीले देख्नेगरी अपवादबाहेक परीक्षण विधिसहित मूल्यसूची राखेको पाइँदैन । विधिसहित मूल्यसूची राखेमा बहुसङ्ख्यक सेवाग्राही एकअर्को प्रयोगशालाबीचको मूल्य अन्तर र विधिबारे जानकारी पाउन सक्छन् । तर निर्देशिका बमोजिम कार्यसम्पादन नहुनुमा सेवाप्रदायक वा नियामक निकाय, बढी दोषी को हो ?

**कोरोनाकाल र मनोमानी**

दुई वर्षअघि कोभिड–१९ को महामारी फैलिएको बेला मोलिक्युलर (पिसिआर) परीक्षण गर्ने अनुमति पाएका निजी प्रयोगशालाहरूले मनोमानी शुल्क लिन नहुनेबारे राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले सूचना प्रकाशित गरेको थियो । पत्र सङ्ख्या २०७७/७८, चलानी नं ३०१ मिति २०७७/०६/०९ गते शाखा अधिकृत इन्दिरा आचार्यद्वारा हस्ताक्षरित सूचनामा “...मिति २०७७/०६/०८ र ०९ गते यस प्रयोगशालाले गरेको अनुगमनको क्रममा निजी प्रयोगशालाहरूले आन्तरिक निर्णय गरी स्वेच्छाले शुल्क निर्धारण गरी पिसिआर परीक्षणको शुल्क लिने गरेको पाइएकाले आजैको मितिबाट स्वास्थ्य मन्त्रालयले तोकेको शुल्कमा कोभिड–१९ को पिसिआर परीक्षण गर्नुहुन अन्तिमपटक अनुरोध गरिन्छ । बढी शुल्क लिएको प्रमाणित भएमा सोही निर्देशिकाको दफा १ (ज) मा उल्लेख भए अनुसार अनुमति पाएका प्रयोगशालाले मापदण्ड पूरा नगरेमा अथवा नीति, नियम, निर्देशिकाहरू पालना नगरेमा जुनसुकै बखत अनुमति खारेज गर्न सकिने अधिकार प्रयोग गरी पिसिआर परीक्षणको अनुमति तुरुन्त खारेज गरिने

**सरोकार**




राजेश मिश्र
rajesh560107@gmail.com


बेहोरा जानकारीको लागि सूचित गरिन्छ...।” कोभिड महामारीको बेला निजी प्रयोगशालाहरूले गरेको दुर्नियतको प्रमाण हो यो ।

**दुर्नियतको ताजा प्रमाण**

“देर आए दुरुस्त आए” भनेझैं अहिले वीरगंज महानगरपालिकाको कार्यालय अन्तर्गतको स्वास्थ्य शाखा अवचेतन मनस्थितिबाट चेतनामा फर्केझैं प्रतीत भए तापनि प्रशंसनीय भन्नैपर्छ । किनभने महानगरपालिकाले आफ्नो कर्तव्य स्मरण गर्दै कर्तव्यपथ बिर्सेका प्रयोगशालाहरूलाई कारबाईको दायरामा ल्याएको छ । गएको बुधवार वीरगंज महानगरपालिकाको कार्यालयले स्वीकृतिविना वीरगंज महानगर–४ बिर्ता क्षेत्रमा सञ्चालित चित्रांश पोली हेल्थ क्लिनिक, प्याथोलोजी ल्याब र श्री गणेश डाइग्नोस्टिक सेन्टरमा सिल गरेको समाचार प्रकाशमा आएका थिए ।

अर्को कुरा के हो भने म्याद गुज्रेका केमिकल प्रयोग गरेर रिपोर्ट तयार गर्नु प्रयोगशालाहरूको अक्षम्य दुर्नियत अरू के हुन सक्छ ? त्यसैगरी, सोही दिन अनुगमनका क्रममा तराई डाइग्नोस्टिक, शुभम क्लिनिक र वीरगंज डेन्टल क्लिनिक एन्ड इम्प्लान्ट सेन्टर पनि मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको समाचारहरूमा जनाइएका छन् । दुर्नियतको यो ताजा प्रमाण हो ।

**अनुगमनको कमीले बढ्दो बेथिति**

नियमित अनुगमन नहुनु नै बेथिति बढ्नुको मूल कारण रहेको जानकारहरूको बुझाइ छ । सहज/असहज जुनसुकै परिस्थिति भए तापनि जिम्मेवार निकाय कर्तव्यपथमा उत्तरदायी हुनैपर्छ । किनभने नीति, नियम, कानून वा निर्देशिका पालना गर्ने, गराउने वा सोको विपरीत कार्य गर्ने प्रयोगशालाहरूलाई लयमा फर्काउन सकिन्न भन्ने होइन । तर त्यसको लागि नियामक पक्षलाई निस्स्वार्थ जिम्मेवारीबोध हुनै पर्छ । प्रयोगशालाहरूको नियामक निकायको रूपमा राष्ट्रिय तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहहरू छन् । नियामक पक्षबाट आमअपेक्षा प्रभावित हुने खालको गतिविधि कुनै पनि कोणले स्वीकार्य हुन सक्दैन । नियामक निकायले चाह्यो भने प्रयोगशालाहरू लयमा नहिंड्ने कुरै हुँदैन । जसरी वीरगंज महानगरपालिकाले तदारूकता देखाएको छ । कारबाई गरेको छ । त्यसैगरी, सम्बन्धित जिम्मेवार निकायहरूको तहबाट जिम्मेवारी अपेक्षित छ ।

पैसाले पदासीन पात्रको इमान खरीद गर्नेहरू मात्र समाजमा छैनन्, अपितु इमान बिक्री गर्ने पात्रहरू पनि असङ्ख्य छन् । कानूनविपरीत कार्य गर्ने संस्था/सञ्चालक/व्यक्तिले जहिले पनि सोसँग सम्बन्धित नियामक निकायलाई पैसाको प्रलोभन दिने चलन समाजमा व्याप्त छ । घूस दिनेलाई मात्र होइन, घूस लिनेलाई समेत कानूनले दोषी मान्छ । त्यस कारण बेथिति गर्ने संस्था वा व्यक्तिको आर्थिक मोहपासमा परेर संरक्षण प्रदान गर्ने कार्य किमार्थ गर्नुहुन्न ।

यही सेरोफेरोमा विभिन्न व्यक्तित्वहरूसँग लिएको प्रतिक्रिया यस प्रकार छन्:

**शिव पटेल (नेता, वीरगंज)**

आवश्यक परेको बेला म पनि प्रयोगशालामा जान्छु । कुन परीक्षणको शुल्क कति हो ? कसले कुन विधिबाट परीक्षण गरेको हो ? प्रयोगशालाले लिएको शुल्क कानूनसम्मत छ वा मनोमानी हो ? अनुमतिप्राप्त प्रयोगशालाहरू मापदण्डअनुरूप



सञ्चालित छन् वा छैनन् ? लगायतका प्रश्नहरूको उत्तरबाट बिरामीहरू अनजान छन् । बिरामीको निरीहताको फाइदा नउठाउने प्रयोगशाला छैनन् भन्ने होइन ।

यही सेरोफेरोमा म एउटा उदाहरण दिन चाहन्छु । थाइराइड जाँच गर्ने उपकरण सबै प्रयोगशालामा हुँदैन । यद्यपि आफूले जाँच गर्न नसक्ने प्रयोगशालाहरूले बिरामीलाई सक्षम प्रयोगशालामा पठाउँदैनन् । आफैं नमूना सङ्कलन गर्छन् । अन्त जाँच गराएर बिरामीलाई रिपोर्ट प्रदान गर्दछन् । तर यहाँ भन्न के खोजिएको हो भन्ने थाइरायड जाँच हुने प्रयोगशालामा जाँच गराउँदा परीक्षण शुल्क रु पाँच सय लाग्छ भने नमूना सङ्कलन गरेर अर्को प्रयोगशालामा जाँच गराउने प्रयोगशालाहरूले सोही जाँचको करीब रु एक हजार २०० लिन्छन् । सेवाको ध्येयले सञ्चालित प्रयोगशालाहरूले बिरामीलाई ठग्नु कुनै पनि कोणले अपराध नै हो । परीक्षण विधिसहित मूल्यसूची राखेको मैले कुनै पनि प्रयोगशालामा देखेको छैन । कुन वर्गको प्रयोगशालाले कति प्रकारका र कुन कुन परीक्षण गर्ने अनुमति पाएका छन् ? मूल्यसहित बिरामीले देख्नेगरी राख्नुपर्दछ । प्रयोगशालाहरूमा नियामक निकायले छड्के गरेको वा मापदण्डविरुद्ध काम गर्ने प्रयोगशाला कारबाहीमा परेको घटना विरलै सुनिन्छ ।

**पार्वती साह (गृहिणी, धनुषा)**

चिकित्सकको सल्लाहबमोजिम जाँच गराउने सिलसिलामा कैयौंपटक प्रयोगशालामा गएकी छु । प्रकार अनुसार परीक्षण शुल्क, विधि वा प्रयोगशालाहरूको वर्गीकरण आदिबारे जानकारी छैन । स्वास्थ्य प्रयोगशालामा जाने, परीक्षण गराउने र माग अनुसार परीक्षण शुल्क भुक्तान गर्नेबाहेक अन्य



कुरा थाहा छैन । घरायसी सामग्री खरीद गर्न जाँदा अनेक पसलमा जाने, भिन्दाभिन्दै दरभाउ थाहा पाउने र अन्ततोगत्वा गुणस्तर र मूल्य आदिबारे विचार गरी खरीद गर्ने थाहा छ ।

तर स्वास्थ्य प्रयोगशालाको कुन परीक्षणको शुल्क कति हो ? कहाँ सस्तो पर्छ ? कहाँ महँगो छ ? आदि कुरा थाहै नभएपछि परीक्षण शुल्क बढी लिए वा

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–११५




महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

यसैबीचमा एक हजारवटा 'वैतस्तिक' नामक बाण हानेर द्रोणाचार्यले धृष्टद्युम्नको ढाल–तरबारलाई टुक्राटुक्रा पारिदिए। उपर्युक्त बाण निकटबाट युद्ध गर्नमा मात्र उपयोगी हुन्छन् तथा एक बित्ताको मात्र हुने भएकाले नै तिनीहरूलाई वैतस्तिक बाण भनिन्छ। द्रोण, कृप, अर्जुन, कर्ण, प्रद्युम्न, सात्यकि तथा अभिमन्युबाहेक अन्य कसैसित पनि त्यस्तो बाण थिएन।

तरबार काटेपछि आचार्यले आफ्नो शिष्य धृष्टद्युम्नको वध गर्ने इच्छाले एउटा उत्तम बाण धनुषमाथि राखे। सात्यकिले यो हेरिरहेका थिए। उनले दशवटा तिक्खर बाण हानेर कर्ण र दुर्योधनको सामुमैं त्यस अस्त्रलाई काटिदिएर धृष्टद्युम्नलाई द्रोणाचार्यबाट जोगाए। त्यति बेला सात्यकि, द्रोण, कर्ण र कृपाचार्यको बीचमा कति पनि नडराइ डुलिरहेका थिए। उनको हिम्मत हेरेर श्रीकृष्ण र अर्जुनले उनको प्रशंसा गर्न थाले। अर्जुन श्रीकृष्णासित भन्न थाले– जनार्दन, हेर्नहोस् त, आचार्यको छेउमा उभिएका मुख्य महारथिहरूको बीचमा सात्यकि कति निडर भएर डुलिरहेका छन्, उनलाई हेरेर मलाई बडो प्रसन्नता भइरहेको छ। दुवैतिरका सैनिक आज उनको पराक्रमको मुक्तकण्ठले प्रशंसा गरिरहेका छन्।



सात्यकिले द्रोणाचार्यको त्यो बाण काटिदिएपछि दुर्योधन आदि महारथीहरू अत्यन्त क्रोधित भए। कृपाचार्य, कर्ण तथा तपाईंका पुत्र उनको नजीक पुगेर बडो फुर्तीको साथ घातक बाण हान्न थाले। यो हेरेर राजा युधिष्ठिर, नकुल, सहदेव र भीमसेन त्यहाँ आइपुगे तथा सात्यकिको वरिपरि उभिएर उनको रक्षा गर्न थाले। आफूमाथि भइरहेको त्यस बाणवर्षालाई सात्यकिले रोकिदिएर दिव्यास्त्रहरूबाट शत्रुका जम्मै अस्त्रहरूलाई नष्ट पारिदिए।

त्यति बेला धर्मराजले आफ्नो पक्षका क्षत्रिय योद्धाहरूलाई भने– महारथीहरू हो, आफ्नो पूर्ण शक्ति प्रयोग गरेर आचार्य द्रोणमाथि धावा गर। वीरवर धृष्टद्युम्न एक्लैले द्रोणसित भिडिरहेका छन् र आफ्नो पूर्ण शक्ति लगाएर उनको नाशको चेष्टा गर्दैछन्। आशा छ, आज उनले द्रोणाचार्यलाई मारि नै छाड्नेछन्। अब तपाईंहरू पनि एकै साथ उनीमाथि जाइ लाग्नुहोस्। युधिष्ठिरको आज्ञा पाउने बित्तिकै सृञ्जय महारथी द्रोणलाई मार्ने इच्छाले अगि बढे। उनीहरूलाई आफूतिर आइरहेको हेरेर द्रोणाचार्यले यो निश्चय गरेर कि आज त मर्नु नै छ बडो वेगले उनीहरूमाथि झम्टे। त्यति बेला पृथ्वी काम्न थाल्यो। उल्कापात हुन थाल्यो। द्रोणको देब्रे आँखा र देब्रे भुजा फरफराउन थाल्यो। यत्तिकैमा द्रुपदकुमारको सेनाले उनलाई चारैतिरबाट घेरामा हाल्यो। अब उनले क्षत्रियहरूको सङ्हार गर्नको लागि पुनः ब्रह्मास्त्र उचाले। त्यति बेला धृष्टद्युम्न रथहीन भएर उभिएका थिए, उनका आयुधहरू पनि नष्ट भइसकेका थिए। उनलाई यस अवस्थामा हेरेपछि भीमसेन तत्काल उनको छेउमा गएर उनलाई आफ्नो रथमा बसाली भने– वीरवर, तपाईंबाहेक अन्य कोही पनि छैन, द्रोणाचार्यसित लड्न सक्ने, यिनलाई मार्ने भार तपाईंमाथि नै छ।

भीमसेनको कुरा सुनेर धृष्टद्युम्नले एउटा सुदृढ धनुष हातमा उचालेर द्रोणाचार्यलाई पछि हटाउने इच्छाले उनीमाथि बाणहरूको झरी लगाइदिए। अनि त दुवैजना क्रोधित भई एकअर्कामाथि ब्रह्मास्त्र आदि दिव्यास्त्रहरूको प्रहार गर्न थाले। धृष्टद्युम्नले नानाथरीका अस्त्र हानेर द्रोणाचार्यलाई ढाकि नै दिए तथा उनले हानेका सबै अस्त्रशस्त्रहरूलाई नष्ट पारेर उनको रक्षा गर्ने वसाति, बाल्हीक, शिबि र कौरव योद्धाहरूलाई घाइते पनि पारिदिए। अनि द्रोणाचार्यले उनको धनुषलाई काटिदिए र सायकहरूबाट उनको मर्मस्थानलाई बिधिदिए। यसबाट धृष्टद्युम्नलाई बडो वेदना भयो।

अब भीमसेन चुप लागेर बस्न सकेनन्। उनी आचार्यको रथको नजीक गई बिस्तारै भने– यदि ब्राह्मण आफ्नो कर्म त्यागेर युद्ध न गरेको भए क्षत्रियहरूको भीषण संहार हुने थिएन। प्राणीहरूको हिंसा नगर्नु– यो सबै धर्ममध्ये श्रेष्ठ हो, त्यसको मूल जरा हुन्– ब्राह्मण र तपाईं त ती ब्राह्मणहरूमध्ये पनि सबैभन्दा उत्तम वेदवेत्ता हुनुहुन्छ। ब्राह्मण भएर पनि स्त्री, पुत्र र धनको लोभले तपाईं चाण्डालझैं म्लेच्छहरू तथा अन्य राजाहरूको संहार गरिदिनुभएको छ। जसको निम्ति तपाईंले हतियार उठाउनु भयो, ती अश्वत्थामा त तपाईंको दृष्टिभन्दा टाढा मरेर परेका छन्। तपाईंसम्म त्यो खबर पनि पुग्न दिइएको छैन। धर्मराज युधिष्ठिरको साक्ष्यले पनि तपाईंलाई विश्वास भएन। उनको कुरामाथि त अविश्वास गर्ने प्रश्न नै उठ्दैन।

भीमसेनको कथन सुनेर द्रोणाचार्यले धनुषलाई तल राखिदिएर आफ्ना पक्षका योद्धाहरूलाई डाँकेर उनीहरूसित भने– कर्ण, कृपाचार्य र दुर्योधन, अब तिमीहरू स्वयंले युद्धको निम्ति प्रयत्न गर। अब म अस्त्रशस्त्रको त्याग गरिरहेको छु। यति भनेर उनले 'अश्वत्थामा, 'अश्वत्थामा'को नाम पुकार गरिरहे। अनि सम्पूर्ण अस्त्रशस्त्रलाई फालेर उनी रथको पछिलो भागमा गई बसेर सम्पूर्ण प्राणीलाई अभय दान दिएर ध्यानमग्न भइहाले।

क्रमशः ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

संसार त्यागेर एकान्तमा बस्ने मानिसहरूले पनि जीवनका कटु र मधुर अनुभव गर्न नसकेको कारण यथार्थवादी हुन सकेनन्। उनीहरू संसारमा यथार्थवादी चिन्तन प्रकट गर्न असमर्थ भए। उनको सिद्धान्त केवल संसार छोडेर भाग्नेहरूका लागि मात्र लागू हुने खालको भयो।

हालको बदलिएको परिस्थिति अनुसार संसारको त्याग गर्ने नभई संसारप्रतिको आसक्ति त्याग गरी सबै प्रकारका पूर्वाग्रह– राष्ट्रिय, जातीय, राजनैतिक वा धार्मिक जे हुन्, परित्याग गरी समाजले बाहिरबाट थोपरिदिएको बन्धनबाट मुक्त रही पवित्र, ताजा तथा निर्दोष जीवन जिउने सङ्कल्प गर्नु नै अहिलेको नयाँ सन्न्यासको धारणा हुन सक्छ।

निरन्तर साधना र आत्म निरीक्षणबाट यो सन्न्यासको धारणा प्राप्त गर्न सकिन्छ। आत्मबोध एकै जन्मको प्रयासले मात्र सामान्यतया प्राप्त हुँदैन त्यसका लागि अनेक जन्म प्रयासरत रहनुपर्छ। अत्माबोध प्राप्तिको लागि आत्म रूपान्तरणको दृढ सङ्कल्प र साधनाको लामो पयास चाहिन्छ। सधैं आनन्दित र उत्साहित रहनु, जीवनलाई गम्भीररूपमा नभई खुलस्त र आनन्दित भएर जिउनु, अतिशय भौतिक आकाङ्क्षाबाट मुक्त रहनु, निर्भीक हुनु, भविष्यमा यस्तो भयो भने म यस्तो तरीकाले जीवन जिउनेछु भनेर भाका राखेर जीवन जिउनुभन्दा आज के प्राप्त छ त्यसैको अधिकतम उपयोग गरी वर्तमानमा नै सुखपूर्वक जीवन जिउन जान्नु नै जीवन जिउने कला हो।

मानिसलाई म एउटा निश्चित उद्देश्य लिएर थोरै समयको लागि यहाँ आएको छु भन्ने र आफूले के गरिरहेको छु भन्ने बोध हुनु जरूरी छ। मानव जीवनको उद्देश्य भगवानवाला आनन्द प्राप्ति गर्नु हो। यो उद्देश्य प्राप्तिको लागि सकारात्मकरूपले निरन्तर प्रयत्न गर्ने बोध मानिसलाई हुनुपर्छ।

कुनै पनि सच्चा धार्मिक गुरुले भीडलाई लिएर उनीहरूको जीवनको उद्देश्य प्राप्तिको लागि अगाडि बढ्ने इच्छा राख्दैन। उसले आत्म रूपान्तरण गर्नको लागि अत्यन्त इच्छुक केही मानिसलाई कठोर साधनाको लागि अगाडि लिएर जान चाहन्छ। उसले नयाँ नयाँ ठाउँमा प्रवचन दिएर प्रत्येकपटक नयाँ मानिसलाइ क ख गबाट प्रारम्भिक कुरा शुरू गर्न सिकाउँदैन।

यदि उसले यस्तो गर्न थाल्यो भने उसले कसैलाई पनि क्ष त्र ज्ञसम्म पुऱ्याउन सक्दैन। यसैले उसले केही क्षमतावान् मानिसलाई ठीक रूपमा साधना गराएर उनीहरूलाइ क्ष त्र ज्ञसम्म पुऱ्याएर भविष्यमा आफ्नो माध्यमको रूपमा विकसित गरी अघि बढाउँछ। उनीहरू पनि भविष्यमा सच्चा गुरु भएर निस्के भने उनीहरूले पनि भीडको सट्टा यही विधि पालन गर्छन्। नवीन दृश्य र नूतन अनुभूतिले हाम्रो पूरै स्नायु प्रणालीलाई अत्यन्त जीवन्त र सक्रिय बनाइराखेको हुन्छ।

कुनैपनि देशको राजधानीको वातावरण अति नै प्रदूषित हुन्छ किन भने त्यो देशभरिका लोभी र अति महत्त्वाकाङ्क्षी व्यक्तिहरू राजधानीमा नै आएर बस्छन्। उनीहरूको महत्त्वाकाङ्क्षाको कामनाले शहरको वातावरण दूषित हुन जान्छ। वातावरण प्रदूषण धूवाँ र धूलोको कारण मात्र हुँदैन, यो त आनतान अतृप्त तृष्णाजन्य सूक्ष्म तरङ्गहरूको आक्रमणबाट पनि प्रदूषित हुन्छ। सनातनकाल देखि भारतवर्ष धार्मिक तपश्चर्या र पवित्रताको भूमि रहि आएको छ। यहाँको वायुमण्डलमा यो पवित्रता घनीभूत छ। यही भएर भारतवर्ष बाहिर गएपछि हावामा प्राण नपुगेको महसूस हुने कुरा त्यता घुमेर आउनेहरूबाट सुन्न पाइन्छ। मन्दिरैमन्दिर हुनु र पाइलै पिच्छे आश्रम हुनुले धर्मको प्रतिनिधित्व गर्दैन।

मन्दिरहरूमा हुने कर्मकाण्डले मानिसको आत्म चिन्तनमा केही सहयोग गर्दैन। मन्दिर आश्रमहरूको भ्रमण र त्यहाँको वातावरण अवलोकन र दर्शनले प्राण शरीरलाई ऊर्जा प्रदान गर्न सहयोगी हुन सक्छ। बोधयुक्त महापुरुषको सामीप्यलाई सत्सङ्ग भनिन्छ। सत्सङ्गले मानिसलाई आत्मचिन्तनमा धेरै सहयोग गर्दछ। साधनामा धेरै सहयोग प्रदान गर्छ। साधना आत्मचिन्तनको लागि हुनुपर्छ। साधना खाली कर्मकाण्डी हुनुहुँदैन। एक्काइसौं शताब्दीको भागदौडमा सबैमानिसको मुखबाट एउटै शब्द सुन्न पाइन्छ कि म सँग समय छैन। सबै मानिस हतारमा देखिन्छन्। कसैलाई आफूमाथि भरोसा छैन। सबै अरूको सहयोग लिन हतारिइ रहेका हुन्छन्। भौतिक उपलब्धि प्राप्त गर्न सबै होड गरिरहेका हुन्छन्।

क्रमशः

गताङ्कमा रिफ्लेक्सबारे केही बाँकी त थिएन तर एउटा प्रश्न बाँकी थियो। त्यो के भने यी रिफ्लेक्स फिफ्लेक्स आदिको वर्णनको के मतलब ? मतलब धेरै ठूलो छ। यी रिफ्लेक्सले थुप्रै बिमारीको पत्ता लगाइन्छ। उदाहरणको लागि निजर्क भन्ने एउटा रिफ्लेक्स हुन्छ, जसमा चिकित्सकले आफ्नो हैमरले घुँडामा ठोकेर हेर्छ। त्यसरी ठोक्नेबित्तिकै घुडामुनिको खुट्टा माथितिर आउँछ। यदि खुट्टा सामान्यभन्दा बढी माथि आयो भने यो रोगको निशानी हो। र सामान्यभन्दा कम छ भने पनि अर्को रोगको निशानी हो। छँदैछैन भने तेस्रो रोगको निशानी हो। त्यसरी प्लान्टर भन्ने जर्क हुन्छ। यसरी थुप्रै रिफ्लेक्सहरू छन् जसले चिकित्सकले केवल क्लिनिकल ट्रायलले पत्ता लगाउँछन् र निश्चितताका लागि ल्याब टेस्ट गरिन्छ। अतः रिफ्लेक्स, सिनेप्स आदिको धेरै महत्त्व छ। रिफ्लेक्स तीन प्रकारका हुन्छन्। सुपरफिसियल, डीप र भिसेरल। पहिलोमा छाला आदिलाई उत्तेजित पारेर हेरिन्छ। निजर्क आदि डीप रिफ्लेक्स हुन्। त्यस्तै पुपिलरी रिफ्लेक्स भिसेरल रिफ्लेक्स हो। टर्चलाइटको प्रकाश आँखामा पारेपछि यदि आँखाको नानी सङ्कुचित हुँदैन भने त्यो बिमारीको लक्षण हो। आदि आदि धेरै वर्णन गर्न सकिन्छ, जसको यस सानो लेखमा विवरण आवश्यक छैन।

# मेरुदण्ड वा स्पाइनल कर्ड

वाटिका




डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**स्पाइनल कर्ड रिलेस्टेशन हो, यद्यपि यसको छुट्टै काम पनि हुन्छ। फरक यति मात्र हो कि एफएमले बिबिसीको सूचना पुऱ्याउँछ, बिबिसीतिरै फर्काउँदैन। तर स्पाइनल कर्ड यस्तो रिलेस्टेशन हो जसले ब्रेनको सूचना अङ्ग–प्रत्यङ्गमा रिले गर्छ साथै अङ्गप्रत्यङ्गको सूचना ब्रेनतिर पनि रिले गर्छ।**

बिबिसी रेडियो स्टेशन बेलायतमा छ। त्यसको रेडियो तरङ्ग हामीले घरको रेडियोमा सुन्छौं। तर संसार वा नेपालमा एउटा अन्य व्यवस्था पनि छ। यहाँ एफएम भनेको स्टेशन हुन्छ। त्यसले बिबिसीको तरङ्गलाई आफ्नो स्टेशनमा समातेर अझ स्पष्टरूपले हामीलाई सुनाउँछ। त्यस एफएम स्टेशनलाई मुख्य होइन, रिलेस्टेशन भनिन्छ, यद्यपि तिनका आफ्नो छुट्टै कार्यक्रम पनि हुन्छ। हाम्रो सेन्ट्रल नर्भको सम्बन्धमा स्पाइनल कर्ड यही रिलेस्टेशन हो, यद्यपि यसको छुट्टै काम पनि हुन्छ। फरक यति मात्र हो कि एफएमले बिबिसीको सूचना पुऱ्याउँछ, बिबिसीतिरै फर्काउँदैन। तर स्पाइनल कर्ड यस्तो रिले स्टेशन हो जसले ब्रेनको सूचना अङ्ग–प्रत्यङ्गमा रिले गर्छ साथै अङ्गप्रत्यङ्गको सूचना ब्रेनतिर पनि रिले गर्छ। अङ्ग–प्रत्यङ्गमा सूचना पुऱ्याउने नर्भलाई मोटर र ब्रेनतिर सूचना पुऱ्याउने नर्भलाई सेन्सेरी नर्भ भनिन्छ। उदाहरणको लागि जब तपाईंको औंला दुख्छ त्यो सीधै ब्रेनमा होइन, स्पाइनल कर्ड भएर पुग्छ। स्पाइनल कर्डले तुरून्त त्यसलाई ब्रेनमा रिले गरिदिन्छ। अतः कम्तिमा दुईटा नर्भ आवश्यक भयो : एउटा नर्भ अङ्गबाट स्पाइनल कर्डमा जाने र अर्को स्पाइनल कर्डबाट ब्रेनमा जाने। त्यस्तै ब्रेनबाट आउने नर्भ पनि कम्तिमा दुई हुन्छ। अङ्गबाट ब्रेनमा पुऱ्याउनेलाई सेन्सरी रिले र ब्रेनबाट अङ्गमा पुऱ्याउने स्पाइनल रिलेलाई मोटर रिले भनिन्छ। सेन्टरले दुःखाइ महसूस गर्छ अनि हातलाई के गर्ने भन्ने आज्ञा दिन्छ। स्पाइनल कर्डले कसरी काम गर्छ, त्यसको यही बेसिक कन्सेप्ट हो। तर यहाँ एउटा अन्तर यो छ कि रेडियो तरङ्ग त भैकुममा प्रसारित हुन्छ। बिबिसी स्टेशन बेलायतमा र रिले स्टेशन नेपालमा छ। दुवैलाई जोडने भ्याकुमबाहेक केही छैन। तर ब्रेन र स्पाइनल कर्डको सम्बन्धमा यो कुरा विद्युत् वा टेलिफोनजस्तै छ। विद्युत् वा आवाज तारबाट प्रवाहित हुन्छ। ब्रेन र स्पाइनल कर्डमा पनि मेसेज नर्भरूपी तारले नै सञ्चरण सम्भव छ। तार अथवा नर्भ भएन भने कतैबाट रिले हुन सक्दैन। अतः यहाँ ब्रेन विद्युत् वा टेलिफोनको हेड अफिस हो र विभिन्न पोलमार्फत अनेक ठाउँमा तार पुऱ्याउने काम हुन्छ। स्पाइनल कर्ड ती पोलहरू गाडिने ठाउँ हो। वास्तवमा भन्ने हो भने स्पाइनल कर्ड कुनै छुट्टै कुरा नभएर ब्रेनको नै भाग हो र खप्परको एउटा ठूलो प्वालबाट, जसलाई फोरामेन मैग्नम भनिन्छ, बाहिर निस्कन्छ। जसरी ब्रेनको सुरक्षा खप्परले गर्छ त्यस्तै स्पाइनल कर्डको सुरक्षा मजबुत भर्टिब्राहरूले मिलेर गर्छन्। भर्टिब्राको बीच भएर स्पाइनल कर्ड ब्रेनको रूपमा नै तल झरेको हुन्छ। यति बेसिक कुरा बुझेपछि अब स्पाइनल कर्डको रचनात्मक र कार्यगत विवेचना गरौं।

स्पाइनल कर्डको लम्बाइ पुरुषमा ४५ र महिलामा ४३ सेमी. हुन्छ, जुन फोरामेन मैग्नम भएर बाहिर निस्कन्छ र भर्टिब्रा मुन्तिर बोर्डरसम्म आउँछ। त्यसपछि स्पाइनल कर्ड त हुँदैन तर त्यसको खोल अझ तल पुच्छरबोन अथवा कोकिक्स सम्म पुग्छ, जुन घोडाको पुच्छरजस्तो




छरिएको हुन्छ र त्यसकारण त्यसलाई कौडा इक्विना भनिन्छ। स्पाइनल कर्ड एउटा सिलिन्ड्रिकल संरचना हो, जुन मेरुदण्डको बीचको प्वाल भएर यहाँदेखि त्यहाँसम्म गएको हुन्छ। साँपले भ्यागुता निलेकोजस्तो स्पाइनल कर्डमा दुई ठाउँमा फुलेको भाग हुन्छ : एउटा सर्भाइकल वा गर्धनको भागमा र अर्को लम्बर वा कम्मरको भागमा, किनभने सर्भाइकल भागबाट दुवै हातमा र लम्बरबाट दुवै खुट्टामा सघन नर्भ गएको हुन्छ। ठोस भए पनि ब्रेनको बीच भागमा केही खाली ठाउँ हुन्छ, जसलाई भेन्ट्रीकील भनिन्छ। यी खाली ठाउँमा दुइटा लैटरल, एउटा थर्ड र एउटा फोर्थ भेन्ट्रीकीलको नामले चिनिन्छ। लैटरलहरू फोरामेन मुनरो नामक प्वालबाट थर्ड र अर्को प्वालबाट फोर्थ भेन्ट्रिकलमा खुल्छ। स्पाइनल कर्डमा पनि मध्यमा यहाँदेखि त्यहाँसम्म काँक्रोजस्तो एउटा लामो प्वाल हुन्छ जसलाई स्पाइनल कैनाल भनिन्छ। फोर्थ भेन्ट्रीकील यसै कैनालमा खुल्छ। अतः स्पाइनल कैनाल अरू केही होइन, अपितु ब्रेनका भेन्ट्रीकीलका नै निरन्तरता हो। प्रश्न उठ्छ कि यहाँदेखि त्यहाँसम्म यी खाली ठाउँको प्रयोजन के हो ? जवाफ हो लैटरल भेन्ट्रिकलमा कोरोवायड प्लेक्सस भन्ने संरचना हुन्छ, जसले एउटा द्रव निर्माण गर्छ, जसलाई सिरेब्रोस्पाइनल फ्लुइड भनिन्छ। यो सिएसएफ प्वाल भएर यहाँदेखि त्यहाँसम्म दगुरेर एउटा कुसन र साकएब्जर्बरको काम गरेर ब्रेन र स्पाइनल कर्डको रक्षा गर्छ, आक्सिजन तथा पोषण पुऱ्याउनेबाहेक विजातीय पदार्थ पनि मिल्काउँछ। यसमा पानी, लवण–सोडियम,पोटाशियम, कैल्शियमको साथै क्रियेटिनिन आदि तत्त्व पनि हुन्छ, जसको जाँच गरेर ब्रेन र स्पाइनल कर्डमा हुने बिमारी पत्ता लगाइन्छ। यो दिनहुँ ५०० मिली उत्पादन हुन्छ र १३० मिली सधैं सर्कुलेशनमा हुन्छ। यो निरन्तर बन्ने र अवशोषित हुने प्रक्रिया चलिरहन्छ।

सिलिन्डर आकारको भए पनि स्पाइनल कर्डको अगाडिपट्टी ठीक मध्यमा एउटा ३ एमएमको गहिरो चिरा हुन्छ र पछाडिपट्टी एउटा थिचिएको भाग यहाँदेखि त्यहाँसम्म हुन्छ। चिरालाई एन्टेरियर फ्युरो र थिचिएको भागलाई पोस्टेरियर सल्कस भनिन्छ। यी दुईको कारण स्पाइनल कर्ड दुई भागमा, आधाआधी बाँडिएको हुन्छ। यो दृश्य स्पाइनल कर्डको काटियेको सेक्सनमा र माइक्रोस्कोपले देखिन्छ। माइक्रोस्कोपले हेर्दा थाहा हुन्छ पछाडिपिट्ट नर्भको दुईटा र अगाडीपट्टि पनि दुईटा हर्न अथवा सिङ जस्तो संरचना हुन्छ। पछाडिकोलाई डोर्सल र अगाडिकोलाई भेन्ट्रल हर्न भनिन्छ। डोर्सलमा सेन्सरी र भेन्ट्रलमा मोटर नर्भहरू व्यवस्थित गरिएको हुन्छ।

सेन्ट्रल नर्भस सिस्टममा ग्रेमैटर र ह्वाइटमैटर दुई अनिवार्य तत्त्व हुन्छ। ग्रेमैटर कोषहरूको समूह र ह्वाईटमैटर नर्भ फाइबरहरूको समूह हो। ब्रेनमा ग्रेमैटरमाथि र ह्वाइटमैटर तल हुन्छ। यस्तो किन हुन्छ अनुमान लगाउन गाऱ्हो छैन। माथिको कोषबाट फाइबरलाई तल झर्नुपर्छ। अर्थात् तलतल भएर त्यो स्पाइनल कर्डमा आइपुग्छ। अब स्पाइनल कर्डबाट त फाइबरलाई अङ्ग–प्रत्यङ्गमा जानुछ, जुन तल होइन समानान्तर दिशामा हुन्छ। अतः यहाँ ग्रे र ह्वाइटमैटरको व्यवस्था ब्रेनको उल्टो हुन्छ। अर्थात् ग्रेमैटर स्पाइनल कर्डको बीचमा र ह्वाइटमैटर बाहिर वा किनारतिर हुन्छ। यो त भयो स्पाइनल कर्डको भित्री संरचना। यी संरचनालाई प्रकृतिले निर्क जतन गरेर जोगाएको हुन्छ। भर्टिब्रारूपी कवचबारे त भनी नै सकियो, जुन एकमाथि अर्को बसेर निर्माण भएको हुन्छ। त्यसपछि पनि प्रकृतिले स्पाइनल कर्डलाई तीनवटा खोल ओढाएको हुन्छ। सबैभन्दा बाहिरी खोललाई ड्युरामैटर भनिन्छ जुन भर्टिब्रासँग टाँसिएको हुन्छ। त्यसपछि दोस्रो एरेकन्वायडमैटर खोल र त्यसपछि अन्तिम खोललाई पायामैटर भनिन्छ जुन स्पाइनल कर्डसँग टाँसिएको हुन्छ। यसरी एरेकन्वायड र पायामैटरबीच एउटा स्पेसको निर्माण हुन्छ, जसलाई सबएरेकन्वायड स्पेस भनिन्छ। यस स्पेसमा सिएसएफ हुन्छ जुन ब्रेनको भेन्ट्रीकीलमा निर्माण भएर स्पाइनल कैनाल हुँदै यस स्पेसमा आइपुग्छ जसले कुसन र साकएब्जर्भरको काम गरेर स्पाइनल कर्डको सुरक्षा गर्छ। क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनबाट निश्शर्त रूसी सेना फिर्ता गर्न राष्ट्रसङ्घको अनुरोध

संयुक्त राष्ट्रसङ्घ, १२ फागुन/एएफपी


युक्रेनबाट आफ्ना सेना निश्शर्त फिर्ता गर्न आह्वान गर्दै संयुक्त राष्ट्रसङ्घले समग्रतामा युक्रेनको न्यायपूर्ण र दिगो शान्तिका पक्षमा मतदान गरेको छ । राष्ट्रसङ्घीय महासभामा प्रस्तुत शान्ति प्रस्तावको पक्षमा १४१ देशले मतदान गरेर युक्रेनप्रतिको आफ्नो समर्थन जनाएका छन् ।

१९३ सदस्यीय संयुक्त राष्ट्रसङ्घमा युक्रेनको विपक्षमा रूस, बेलारूस, उत्तर कोरिया, सिरिया, माली, इरिट्रिया र मालीले मतदान गरेका छन् भने चीन र भारतसहित ३२ देश मतदानमा सहभागी भएनन् । युक्रेनलाई प्राप्त यो समर्थन बाध्यकारी भने होइन । गत अक्टोबरमा रूसले युक्रेनका चार क्षेत्रलाई गाभेको घोषणाको निन्दा गर्न भएको मतदानमा १४३ देशले भाग लिएका थिए । अर्थात् ती देश युक्रेनको पक्षमा उभिएका थिए ।

युरोपेली सङ्घका विदेश नीति प्रमुख जोसेप बोरेलले राष्ट्रसङ्घीय महासभाको मतपरिणामले अन्तर्राष्ट्रिय समुदाय युक्रेनको पक्षमा रहेको स्पष्ट भएको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले मतदानबाट युक्रेनमा संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्तअनुरूप युक्रेनको 'व्यापक, न्यायपूर्ण र दिगो शान्तिको लागि शक्तिशाली आह्वान' भएको टिप्पणी गरेका छन् ।

युक्रेनका विदेशमन्त्री दिमिट्रो कुलेबाले अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त साथ र समर्थनप्रति आभार व्यक्त गर्दै ग्लोबल साउथ युक्रेनको पक्षमा उभिंदैन भन्ने तर्कलाई प्राप्त मतले अस्वीकार गरेको बताए । उनले सत्य कसको पक्षमा छ भन्ने तथ्य पनि अन्तर्राष्ट्रिय समुदायले बुझेको बताए ।

महासभामा भारी मतबाट पारित भएको शान्ति प्रस्तावले युक्रेनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताप्रतिको समर्थन पुनः पुष्टि भएको छ भने रूसले कब्जा गरेको युक्रेनी भूभागमा रूसको



तस्वीरः फाइल

दाबी अस्वीकृत भएको छ । मतदानले एक वर्षको युद्धपछि विश्वमञ्चमा मस्को निरन्तर एक्लिएको प्रमाणित गरेको छ भने उसलाई तत्काल विनाशर्त आफ्ना सबै सैन्य बल युक्रेनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सिमानाबाट फिर्ताका साथै शत्रुता समाप्त गर्न नैतिक दबाब दिएको छ। आफूलाई प्राप्त सीमित समर्थनलाई ख्याल नगरी रूसले सुरक्षा परिषद्मा आफूविरुद्धका बाध्यकारी प्रस्ताव रोक्न आफ्नो भिटो शक्ति प्रयोग गरेको छ । उसले भिटो प्रयोग गरे पनि महासभाले युक्रेन मुद्दालाई उठाएर कीभप्रति विश्वसमर्थन जुटाएको छ ।

जापानका विदशमन्त्री योशिमासा हयाशीले मूर्खतापूर्ण आक्रामक युद्धको दोस्रो वार्षिकी फेरि भेट्न नहुने बताउँदै रूसले तत्काल युद्ध अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् भने फ्रान्सका विदेशमन्त्री क्याथरिन कोलोनले आजै रूसले युद्ध अन्त्य गर्नुपर्ने माग गरेकी छन् । उनले रूसले थालेको युद्धले राज्यको अस्तित्वलाई जोखिममा पारेको तथा साम्राज्यवादी योजनाको प्रतिनिधित्व गरेकाले त्यो अस्वीकृत भएको बताइन् ।

रूसले पारित प्रस्ताव खारेज गर्दै युक्रेनलाई नवनाजीको संज्ञा दियो । संयुक्त राष्ट्रसङ्घका लागि रूसका स्थायी प्रतिनिधि भासिली नेबेन्ज्याले पश्चिमा राष्ट्रहरूले रूसलाई हराउने उद्देश्यका साथ काम गरिरहेको आरोप लगाए । उनीहरू सम्पूर्ण विश्वलाई युद्धको खाडलमा डुबाएर आफ्नो आधिपत्य कायम गर्न उद्यत रहेका उनले बताए ।

मतदानमा भाग नलिएका भारत र चीनले युक्रेनमा रूसी आक्रमणको निन्दा नगरे पनि मस्कोले दिएको आणविक हतियारको धम्कीको विरोध गरेका छन् । मतदानअघि राष्ट्रसङ्घका लागि चीनका उपप्रतिनिधि डाई बिङले तटस्थताको अडान लिएर दुवै पक्षलाई युद्ध अन्त्य गर्न र शान्ति वार्ता थाल्न आह्वान गरे । उनले रूस र युक्रेनबीच तत्काल प्रत्यक्ष शान्तिवार्ता हुनुपर्नेमा जोड दिए । रासस

## सवारी दुर्घटनामा ११ जनाको मृत्यु

नयाँदिल्ली, १२ फागुन/सिन्ह्वा/

मध्य भारतको छत्तीसगढमा भएको सवारी दुर्घटनामा ११ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् ।

छत्तीसगढको राजधानी रायपुरबाट करीब ८५ किलोमिटर उत्तरमा पर्ने बालोदाबजार–भाटापारा जिल्लाको खमरिया गाउँको मुख्य सडकमा बिहीवार राति मालसामान बोकेको ट्रक र पिकअप भ्यान एकापसमा ठोक्किंदा ११ जनाको मृत्यु भएको तथा अन्य १० जना घाइते भएका छन् ।

"हिजो राति भएको सडक दुर्घटनामा चारजना बालबालिकासहित ११ जनाको ज्यान गएको छ, घाइते १० जनालाई रायपुर अस्पताल भर्ना गरिएको छ," वरिष्ठ प्रहरी अधिकारी सिद्धार्थ बघेलले सञ्चारमाध्यमलाई भने । पीडितहरू अर्जुनी क्षेत्रमा पारिवारिक कार्यक्रममा गएर घर फर्किरहेका थिए । दुर्घटनाका सम्बन्धमा मुद्दा दर्ता गरिएको तथा त्यसको कारण पत्ता लगाउन प्रहरीले आदेश दिएको छ । भारतमा सडक दुर्घटनाहरू सामान्य मानिन्छन् ।

अधिक भार बोकेका सवारीसाधन, जीर्ण सडक र लापरवाहीपूर्वक सवारी हाँक्दा बारम्बार सवारी दुर्घटना हुने गरेका छन् ।

एक तथ्याङ्क अनुसार भारतमा हरेक वर्ष हुने पाँच लाख सडक दुर्घटनामा करीब एक लाख ५० हजार मानिसको मृत्यु हुने गरेको छ । रासस

### दुर्घटनामा भारतीय ....

भारतीय मोटरसाइकल चालक बेतिया पश्चिम चम्पारणका २२ वर्षीय कैफयली चुरिहारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

पोखरिया नगरपालिका–३ वसन्तपुरस्थित सडकखण्डमा दुर्घटना भएको र अर्का मोटरसाइकल चालक श्यामबाबू यादव सामान्य घाइते भएका र उनलाई प्रहरीले नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए ।

### कवयित्री गीता भण्डारी ...

लोप हुन लागेको छ तर अझै पनि कतिपय ठाउँमा यो जरो गाडेर बसेकै छ। सडकले अनेक भार बोकेको हुन्छ । सडकका आफ्नै समस्या पनि छन् । एक्काइसौं शताब्दीमा सडक राम्रो हुनुपर्ने कवयित्रीको भाव रहेको कविता 'थोत्रो सडक' पढ्दा यसमा उठेका आक्रोशको जवाफ 'म सडक बोल्दैछु'मा पारिजातले दिइसकेको जस्तो लाग्छ ।

हो, लेख्न मन छ<br>
उज्यालो बस्तीको कथा<br>
कोलाहलभित्रको भीडले<br>
लछारपछार पार्नेहरूको<br>
वास्तविक व्यथा<br>
बोली र हेराइभन्दा पर नियालेर<br>
वास्तविक पीडकको भोगाइको कथा ।

'उज्यालोतिर' कविताको आरम्भमा यही लेखिएको छ । आजको युगमा मानिसले मनभित्रबाट सुरक्षा खोजिरहेको कुरालाई प्रगतिशील किसिमले अर्थ्याइएको छ, यसमा। 'त्रास' कवितामा भयलाई मनभित्रको एउटा आशङ्का मात्र भनिएको छ। 'पोथी बास्छे र त अन्डा पार्छे' कविता यस सङ्ग्रहको अन्तिम कविता हो । महिला अधिकारवादी दृष्टिकोणले यो कविता उपयुक्त छ ।

एउटा एन्ड्रोइड मोबाइलभन्दा सानो आकारको 'एक्काइसौं शताब्दीमा हामी' कविता सङ्ग्रहलाई एउटा पठनीय कृति मान्न सकिन्छ। मुख्यरूपमा अभिधार्थक कविताहरू सङ्कलित यस सङ्ग्रहले कवयित्री भण्डारीलाई नेपाली साहित्यमा स्थापित गर्ने कुरामा शङ्का छैन। कविताहरू आफ्नो भाव स्पष्ट पार्न सक्षम छन् । कवयित्रीको मनको भाव सरल तरीकाले पोखिएको छ । कृतिकारको यो दोस्रो कृति भएको आफ्नो भनाइमा सङ्केत गरिएको छ ।

देशको आर्थिक राजधानी वीरगंजको यस वर्षको कविताको प्रतिनिधि भन्न सकिने यस कृतिमा सङ्कलित रचनाहरूले कृतिकारलाई चिनाउन सजिलो बनाएको छ । कृतिकार भण्डारीको साहित्य सिर्जनामा यस कृतिले विशेष स्थान राख्ने विश्वास लिन सकिन्छ ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे<br>
भिस्वा– बिहान १०:०० बजे<br>
भिस्वा– मध्याह्न १२:०० बजे<br>
भिस्वा– दिउँसो १:३० बजे<br>
दसौता– दिउँसो २:३० बजे<br>
सेढवा– दिउँसो ३ बजे<br>
देउरिया– दिउँसो ३:१५ बजे<br>
भिस्वा– दिउँसोः ३:४० बजे

**सूचना ! सूचना !! सूचना !!!**

यस वीरगंज महानगरपालिकाको मिति २०७९/११/१ को भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिको निर्णयबमोजिम नगर क्षेत्रमा रहेका सडक, फूटपाथ र नाला अतिक्रमण गरी बनाइएका सिढी, रैम्प, छेकबार तथा यस महानगरपालिकाको वडा नं.१० स्थित पशुपति आदर्शनगर निर्माण समितिको प्लटहरूबीचमा रहेको १० फिटे नालाहरूमाथि निर्माण गरिएका भौतिक संरचना ७ (सात) दिनभित्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ । यदि सो म्यादभित्र उक्त संरचनाहरू नहटाइएमा यस कार्यालयबाट खाली गराउँदा लाग्ने दस्तुर/खर्चसमेत सम्बन्धित व्यक्ति, सङ्घ–संस्था र फर्मबाट नै असूलउपर हुने बेहोरासमेत जानकारी गराइन्छ।

## महिलाहरूलाई १५ दिने ब्युटिसियन तालीम

प्रस, वीरगंज, १२ फागुन/

नेपाल महिला कल्याण संस्थाको आयोजनामा शुक्रवारदेखि वीरगंज महानगर–३ छपकैयामा १५ दिने ब्युटिसियन तालीम शुरू भएको छ ।

वडाध्यक्ष बैजु स्वर्णकारले तालीमको उद्घाटन गर्दै महिलाहरूलाई आयआर्जनका लागि तालीम आयोजना गरिएको बताए ।

विभिन्न कारणले रोजगार नपाएका वडाका महिलाहरूलाई तालीम आयोजना गरेर सीपबारे ज्ञान दिने र रोजगारमुखी बनाउने योजना रहेको बताए । उनले सीप सिकेकाहरूलाई रोजगारका लागि वडापालिकाले आवश्यक सहयोगको वातावरण सिर्जना गराउने बताए ।

संस्थाकी अध्यक्ष रेखा घिमिरेको अध्यक्षतामा भएको उद्घाटन सत्रमा वडासदस्यहरू बरकतुल नेशा, सङ्गीता



तस्वीरः प्रतीक

दास, राजेन्द्र श्रेष्ठ, वडासचिव दिनेश साह, सहायक सचिव समिम देवानलगायतको सहभागिता थियो । तालीममा वडाका २० जना महिला सहभागी रहेका र उनीहरूलाई सरिता उपाध्याय र संस्थाकी अध्यक्ष घिमिरेले प्रशिक्षण दिने संस्थाका सचिव विपिन उपाध्यायले बताए ।

## कलैयामा एमालेको जनसङ्गठन समन्वय संयन्त्रको बैठक

प्रस, वीरगंज, १२ फागुन/

नेकपा एमाले मिसन ग्रासरूट अन्तर्गत बाराको कलैया उपमहानगरपालिकास्थित पार्टी कार्यालयमा जनसङ्गठन समन्वय संयन्त्रको बैठक सम्पन्न भएको छ ।

एमालेका केन्द्रीय सदस्य अरविन्द सिंहको अध्यक्षतामा बसेको बैठकमा पोलिटब्युरो सदस्य एवं कृषिमन्त्री ज्वाला साह, पोलिटब्युरो सदस्य एवं सांसद अच्युत मैनाली, केन्द्रीय सदस्य महम्मद समीर, जिल्ला उपाध्यक्ष टीना सुवेदी, सचिव अध्यानन्द पाण्डेलगायत जनसङ्गठन, जिल्ला अध्यक्ष, प्रदेश सदस्य र केन्द्रीय पदाधिकारी सदस्यहरूको सहभागिता थियो ।

बैठकले फागुन २० गतेभित्र


तस्वीरः प्रतीक

जनसङ्गठनको जिल्ला बैठक गर्नुपर्ने पालिकाहरूमा जनसङ्गठनको काम व्यवस्थित गरी फोकल पर्सन खटाउने, पालिकामा जनसङ्गठन समन्वय संयन्त्र गठन गर्ने, पालिकाका वडा र टोलमा मिसन ग्रासरूटको जनसङ्गठन कमिटी गठन गर्नेलगायतका निर्णय भएको केन्द्रीय सदस्य सिंहले बताए ।

### स्वास्थ्य प्रयोगशाला ...

नलिएको कसरी थाहा पाउने ? स्वास्थ्य समस्या भएपछि चिकित्सकलाई देखाउन जाँदा जतिसक्दो चाँडो निको हुने अपेक्षा हुन्छ । स्वास्थ्य संस्थामा पुगेपछि चिकित्सकले सिफारिश गरेका सबै प्रक्रिया फटाफट गर्नुपर्छ। यताउति जाने अवस्था रहँदैन । अब बिरामीको असहजतामा कसैले आफ्नो स्वार्थसिद्ध गर्छ भने त्यस्ता संस्थालाई कारबाई कसले गर्छ ? कसैको दुःखमा आफ्नो सुख र स्वार्थ हेर्ने प्रवृत्ति दुर्भाग्यपूर्ण हो। मलाई लाग्छ, कसैले बिरामीसँग धुर्त्याइँ गर्छ वा ठगी गर्छ भने उसको चरित्र, नियत र संस्कारमा पनि भर पर्ने कुरा हो ।

**भोला गुप्ता (एमबिबिएस छात्र, बुटवल)**

अहिले म बुटवलमा चिकित्साशास्त्र अध्ययनरत छु। गृह जिल्ला पर्सामा हुँदा



घरपरिवारका सदस्य तथा आफन्तजनको उपचारको क्रममा स्वास्थ्य प्रयोगशालामा जाँचको लागि थुप्रैपटक गएको छु । प्रयोगशाला जाँच प्राविधिक पक्ष भएकोले यसबारे सर्वसाधारण मानिसलाई धेरै कुरा थाहा हुँदैन। कतिपय प्रयोगशालामा मूल्यसूची नै हुँदैन भने मूल्यसूची राखेकाहरूले पनि मूल्यसूचीमा परीक्षण विधि उल्लेख गरेका हुँदैनन् ।

दक्ष प्राविधिक, प्रविधि, उपकरण र रसायन आदिमा गुणस्तरीय परीक्षण भर पर्ने कुरा हो । कुनै पनि एकको त्रुटिले परीक्षण गलत हुन सक्छ। हालै वीरगंजमा सञ्चालित प्रयोगशालाहरूले म्याद गुज्रिएका रसायन प्रयोग गर्ने गरेका र महानगरपालिकाको कारबाईमा परेको समाचार सञ्चारमाध्यमबाट जानकारी भयो । स्वास्थ्य प्रयोगशाला चिकित्सा क्षेत्रको संवेदनशील अङ्ग हो। त्यस कारण बिरामीको जीउज्यानसँग खेलबाड गर्ने नियत अति दुर्भाग्यपूर्ण हो । सेवाको नाममा मेवा खाने प्रवृत्ति घोर आपत्तिजनक नै हो। परीक्षण विधि र शुल्क पारदर्शी हुनुपर्छ। र यसको लागि जिम्मेवार निकायहरूले तदारूकताका साथ कडाइ गर्नै पर्छ। मापदण्डविपरीतका क्रियाकलाप बन्द नै गर्नुपर्छ ।

**सुरेश बिडारी (पत्रकार, वीरगंज)**

सकेसम्म सरकारी अस्पतालमा



चेकजाँच गराउने मेरो बानी छ । सरकारीमा उपलब्ध नभएको सेवा निजी स्वास्थ्य संस्था वा प्रयोगशालाबाट लिनुको विकल्प छैन। हामीकहाँ कम शुल्क लिनेले खराब रिपोर्ट देला कि भन्ने आशङ्का गर्ने र महँगो शुल्क तिरेपछि राम्रो हुने सामाजिक मनोविज्ञान पाइन्छ । प्रयोगशाला परीक्षण प्राविधिक कुरा भएकोले सोबारे वृहत् जानकारी सर्वसाधारणलाई थाहा हुने कुरै भएन। तर केही प्रयोगशालामा तिनै सरकारी अस्पतालका कर्मचारीले नै गएर परीक्षण गर्ने गरेको देखेको छु। कतिपय बिरामी सरकारी प्रयोगशालाले दिने रिपोर्टमा अविश्वास गर्छन्, कतिपय बिरामी बढी समय लाग्ने हुँदा छिटो सेवा लिन निजी चिकित्सक वा प्रयोगशालामा जान्छन् । निजी प्रयोगशाला व्यावसायिक उद्देश्यले खोलिएका हुन्छन्। त्यसैले परीक्षण शुल्क बढी नै हुन्छ ।

जहाँसम्म ठगिएको भन्ने कुरा छ, त्यसका लागि सबैभन्दा पहिले सेवाप्रदायक उत्तरदायी हुनै पर्दछ । नियम कानून उनीहरूलाई पनि लाग्छ। प्रयोगशाला सञ्चालकले मनपरी गर्छन्, मापदण्ड पालना गर्दैनन्, परीक्षणमा लापरबाही गर्छन् भने नियामक निकाय जिम्मेवार र जवाफदेही हुनुपर्छ। सेवाग्राही जागरूक त हुनैपर्छ। स्वास्थ्य समस्याको निदानको पहिलो चरण प्रयोगशाला परीक्षण राम्रोसँग हुन सकेन भने उपचार प्रक्रिया नै गलत बाटोमा जान सक्छ । तसर्थ यसमा सरोकार राख्ने सबै पक्ष जिम्मेवार हुनै पर्छ ।

### दी अमेरिकन ...

सानो घर खरीद गर्छन् ।

सानो घरमा बसिरहेको अवस्थामा सेवानिवृत्त हुन्छन् । आम्दानीको बाटो पहिलेको बचत (यदि छ भने) र सामाजिक सुरक्षा भत्ता हुन्छ। उमेर पनि माथिल्लो खुड्किलोमा पुग्न थाल्छ। उनीहरूको वृद्ध शरीरले त्यो सानो घरको पनि स्याहार–सम्भार कठिन हुन्छ ।

बसिरहेको घर बिक्री गरेर साझा घर (Town House) वा सस्तो प्रौढ अपार्टमेन्टमा बस्न आरम्भ गर्छन्। साझा घर र अपार्टमेन्ट, बस्ने हिसाबले निकै सस्तो हुन्छ तर सानो पनि हुन्छ। केवल एक वा दुई कोठे पनि हुन सक्छ ।

हातखुट्टा चलेसम्म वा शारीरिक सक्रियता रहेसम्म साझा घर वा प्रौढ अपार्टमेन्टमा बस्छन् तर सहारा चाहिने र पटकपटक बिरामी हुने स्थिति आएपछि हस्पिस (Hospice) सेन्टर पुग्छन् ।

हस्पिस सेन्टर वा सेवाले बिरामीको उपचार त गर्दैन, तर बाँच्न सजिलो पारिदिन्छ। यो सेन्टरले अनेक किसिमका, जीवनयापन सरल बनाउने सुविधा प्रदान गर्छ ।

हस्पिस सेन्टरमा बस्नेहरू औसतमा छ महीनादेखि एक वर्षसम्म बाँच्छन् । कोहीकोही लामो अवधि पनि बाँच्छन् । आफन्तहरू बेला बेलामा बिरामीलाई भेट्न यही हस्पिस सेन्टरमा आउँछन् ।

हस्पिस सेन्टरमा पुग्नुको अर्थ जीवनलीला समाप्त हुन लागेको शारीरिक एवं मनोवैज्ञानिक स्थितिमा पुग्नु हो ।

आम अमेरिकीको जीवनलीला हस्पिस सेन्टरमा वा हस्पिस सेवा पाएर समाप्त हुन्छ ।

यसरी अमेरिकीहरूको जीवन युवा मातापिताको निवासबाट प्रारम्भ भएर हस्पिस सेन्टरमा अन्त्य हुन्छ ।

**आजको राशिफल**

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भाग्योदय | वृष | बेचैनी |
| मिथुन | मनोरञ्जन | कर्कट | कर्मप्राप्ति |
| सिंह | प्रगति | कन्या | वादविवाद |
| तुला | यात्रालाभ | वृश्चिक | कडाश्रम |
| धनु | ज्ञानोदय | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रातो किताबका योजना कार्यकर्ता पाल्ने मात्र –मन्त्री कुशवाहा

प्रस, वीरगंज, १२ फागुन/


मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वसन्त कुशवाहाले शुक्रवार आफ्नो कार्यकालको एक महीना पूरा भएकोमा सो अवधिका उपलब्धिहरू सार्वजनिक गरेका छन् ।

उनले रातो किताबका अधिकांश योजना वितरणमुखी मात्र भएको आरोप लगाए । उनले रातो किताबको अध्ययन गरिरहेको र वितरणमुखी योजनाहरूलाई कार्यान्वयनमा नल्याउने बताए । उनले वितरणमुखी योजनाको विकल्पको खोजी गरिरहेको बताए ।

मन्त्री कुशवाहाले रातो किताबमा उल्लेख भएका आधाभन्दा बढी योजनाहरू कामै नलाग्ने र कार्यकर्ताहरूलाई पालनपोषण गर्ने खालका मात्र भएको आरोप लगाए ।

उनले रातो किताबमा उल्लेख भएको एउटा शीर्षक देखाउँदै भने कृषि सडकका लागि रु १५/१५ लाख रकम छुट्ट्याइएको छ । तर त्यो सडकको लम्बाइ, चौडाइ केही उल्लेख छैन ।

उनले मन्त्रालयबाट तयार पारिएका डिपिआरहरूसमेत कामै नलाग्ने खालका रहेको बताए ।


तस्वीरः प्रतीक

मन्त्री कुशवाहाले मन्त्रालयबाट अधिकांश योजना अधूरो डिपिआरकै भरमा सञ्चालनमा रहेको गुनासो गरे । उनले त्यस्ता योजनाहरूलाई तत्काल रोक्नेभन्दा पनि पुनः अध्ययन गरेर कसरी सही गर्न सकिन्छ, त्यसतर्फ आफूले ध्यान केन्द्रित गरेको बताए ।

उनले मधेस प्रदेशका किसानका लागि आगामी वर्षदेखि अढाई लाख मेट्रिक टन मल उपलब्ध गराउने गरी काम गरिरहेको बताए । कुल तीन लाख मेट्रिक टन प्रदेशका किसानहरूको लागि आवश्यक हुनेमा एक लाख मेट्रिक टन मल मात्र किसानहरूले पाउँदै आएकामा आगामी वर्षदेखि अढाई लाख मेट्रिक टन मल किसानहरूलाई उपलब्ध गराइने बताए । उनले अपुग मलको व्यवस्थापन भने प्रदेश सरकारको बजेटबाट गरिने बताए । प्रदेशमा अर्गानिक मलका लागि पहल भइरहेको पनि जानकारी गराए ।

# खेलकूदको संसार

## जिल्लास्तरीय कराँते प्रतियोगिता शुरू

प्रस, जीतपुर, १२ फागुन/

जीतपुर उपमहानगरपालिकामा शुक्रवारदेखि दुई दिने सातौं जिल्लास्तरीय सितेरियो कराँते प्रतियोगिता शुरू भएको छ। प्रतियोगिताको उद्घाटन मधेस प्रदेशसभा सदस्य देवनारायण चौधरीले गरेका थिए ।



तस्वीरः सौजन्य

आज सम्पन्न प्रतियोगितामा २० देखि ६७ किलो तौल समूहमा जिल्लाका विभिन्न ठाउँबाट ३८० जना महिला तथा पुरुष खेलाडीको सहभागिता थियो ।

छनोट भएका खेलाडीहरू शनिवार फाइनलका लागि भिड्ने भएका छन् । भोलि शनिवार हुने फाइनल खेलमा पुरुषतर्फ २० किलोका आयुष चौधरी र सत्यम सिम्खडा, २५ किलोका सोनु दास र रवि मुखिया, ३० किलोका एस सिंह र प्रिन्स पटेल, ४० किलोका चन्दन मुखिया र सौरभ कुशवाहा, ४५ किलोका बिशन थापा र दीपक चौधरी, ५० किलोका विनेश पटेल र मितलेश साह, ५५ किलोका राजकुमार साह र अरबाज खान, ६० किलोका परवेज खान र चन्द्रप्रकाश चौरसिया, ६५ किलोका तजिर खाना र श्रीकृष्ण श्रेष्ठबीच प्रतिस्पर्धा हुनेछ । यसैगरी, महिलातर्फ ३० किलो समूहा अनिशा दास र अन्नु श्रेष्ठ, ३५ किलोका रिया पटेल र आयुषा राई, ४० किलोका ज्योति पाण्डे र विभा साह, ४५ किलोका ज्ञानु विश्वकर्मा र एलिसा राई, ५० किलोका कृपा अधिकारी र सरिष्मा कुशवाहा, ५५ किलोका राधिका चौधरी र अञ्जली चौधरीबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, दोस्रो हुनेलाई १० हजार र तेस्रो हुनेलाई पाँच हजार रुपैयाँ, मेडल र शिल्ड प्रदान प्रदान गरिने जीतपुर डोजो शाखाका अध्यक्ष मनोज साहले बताए ।

# विद्यार्थीलाई भोजपुरी भाषाबारेमा प्रशिक्षण

प्रस, वीरगंज, १२ फागुन/

नेपाल भोजपुरी समाजले शुक्रवार आयोजना गरेको प्रशिक्षण कार्यक्रममा त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम आधारभूत प्राविधिक विद्यालयका प्रधानाध्यापक हरेन्द्र कुर्मीले अश्लील गीतले समाजमा विकृति फैलाइरहेको बताए । उनले भोजपुरी मौलिक गीतहरू लोप भइरहेको भन्दै यसको संरक्षणका लागि सबैजनाको सहकार्य आवश्यक हुने बताए । उनले भोजपुरी भाषा विकासको लागि प्रावि तहमा पाठ्यक्रम लागू गर्नुपर्ने सुझाए ।


तस्वीरः प्रतीक

समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा भोजपुरी कला संस्कृतिको बारेमा सचिव राजेन्द्रसिंह राजपूतले विद्यार्थीहरूलाई प्रशिक्षण दिएका थिए । कार्यक्रममा शिक्षक सरोज पटेल, रवि चौरसिया, नेपाल भोजपुरी समाजका सल्लाहकार मनोजकुमार मिश्र, उपाध्यक्ष रितुराज पटेललगायतको सहभागिता थियो ।

नेपाल भोजपुरी समाजले प्रत्येक साताको शुक्रवार जिल्लाका सामुदायिक विद्यालयहरूमा भोजपुरी भाषासम्बन्धी प्रशिक्षण दिंदै आएको सचिव सिंहले बताए । उनले वीरगंज महानगरका चारवटा विद्यालयमा प्रशिक्षण सकिएको र अब अन्य पालिकाहरूका विद्यालयमा पनि प्रशिक्षण दिने जानकारी गराए ।

# केडिया आँखा अस्पतालको ४८औं वार्षिकोत्सव

प्रस, परवानीपुर, १२ फागुन/

वीरगंज महानगर अन्तर्गत परवानीपुरस्थित केडिया आँखा अस्पतालले ४८औं वार्षिकोत्सव मनाएको छ ।




परवानीपुर गापा-४ चैनपुरस्थित अस्पताल परिसरमा आयोजित कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश केडियाले हालसम्म २२ लाख बिरामीको आँखा पीरक्षण गरिएको र सोमध्ये मोतीबिन्दु भएका पाँच लाख ३० हजारजनाको शल्यक्रिया गरिएको जानकारी गराए ।

परवानीपुर गापाका अध्यक्ष रामक्षेत्रीप्रसाद कुर्मीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल नेत्र ज्योति सङ्घ पर्साकी अध्यक्ष मधु राणा, शङ्करलाल केडिया डेन्टल अस्पतालका निर्देशक डा विजय अग्रवाल, डिएभी स्कूलका प्राचार्य राजेश मिश्रलगायत अस्पतालका स्वास्थ्यकर्मी, कर्मचारीको सहभागिता थियो ।

पर्साका भिस्वा, वीरगंज तेजारथटोल, बहुदरमाई डोकैला बहुअरी, बाराको कबहीगोठ सुवर्ण गापा, कलैया, कोल्हवी, निजगढलगायत सात ठाउँमा क्लिनिक सञ्चालन गरिरहेको अस्पतालले मोतीबिन्दु, रेटिना सेवा, बालनेत्र विभाग, जलबिन्दु विभाग, अकुलोप्लाक्टिक, विभाग, कोर्नियालगायत सेवा उपलब्ध गराउँदै आएको छ ।

# वीरगंजमा सतगुरु शोभायात्रा

प्रस, वीरगंज, १२ फागुन/

जगतगुरू तत्त्वदर्शी सन्त रामपालजीको सान्निध्यमा शुक्रवार अनुयायीहरू पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा काठमाडौं, पोखरा, भैरहवा, बेनी, विराटनगर, वीरगंज, धनगढी, बिर्तामोड, सुर्खेत, नेपालगंजलगायत सातवटै प्रदेशका २२ जिल्लामा आध्यात्मिक चेतना तथा सतगुरू शोभायात्रा निकालिएको छ ।


तस्वीरः प्रतीक

फागुन १८, १९ र २० गते सतलोक आश्रम धनुषामा सन्त गरीबदासजीको बोध दिवसको उपलक्ष्यमा हुन गइरहेको विशाल भण्डारा, रक्तदान, दाइजोरहित विवाह कार्यक्रमको सार्वजनिकरूपमा देशवासीलाई निमन्त्रण दिने तथा विकृतिहरूले ग्रस्त वर्तमान समाजमा आध्यात्मिक ज्ञानको चेतना जगाइ समाजलाई कुलत, दाइजोप्रथा, बलिप्रथा, अन्धविश्वास, पाखण्डवाद जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने उद्देश्यले शोभायात्रा निकालिएको पर्सा जिल्ला संयोजक नरेशप्रसाद पण्डितले बताए ।

# निश्शुल्क आँखा शिविर

प्रस, पोखरिया, १२ फागुन/

ठोरी गाउँपालिका-५ वडा कार्यालयको सहयोगमा वीरगंज सामुदायिक आँखा अस्पतालले निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ ।


तस्वीरः प्रतीक

निश्शुल्क आँखा शिविरमा १२७ जनाको आँखा चेकजाँच गरिएको र त्यसमध्ये २९ जनामा मोतीबिन्दु देखिएको थियो ।

मोतीबिन्दु देखिएकाहरूको भोलि फागुन १३ गते शनिवार शल्यक्रिया गरिने वडाध्यक्ष अष्टबहादुर लोप्चनले बताए ।

## जनशक्ति अभाव ...

व्यवसायीहरूको सङ्ख्यात्मक सहभागिता शून्य बराबर रहेको तर अहिले आएर उनीहरूको सङ्ख्या करीब दुई हजार ४०० पुगिसकेको बताइन् । उनले कानून व्यवसायीमा महिला सहभागिता बढेसँगै न्यायालयको गरिमा पनि बढेको बताइन् । उनले कानून विषयका कक्षामा महिलाहरूको सङ्ख्यात्मक सहभागिता बढी देखिएको तर पेशा अङ्गालेर बसेका महिला कानून व्यवसायीहरूको सङ्ख्या तुलनात्मकरूपमा बढ्न नसकेकोमा चिन्ता व्यक्त गरिन् । उनले महिला कानून व्यवसायीहरूलाई पेशामा टिकाइराख्ने वातावरण बनाउनमा बारको भूमिका प्रभावकारी हुने बताइन् ।

बारकी उपाध्यक्ष तथा महिला समितिकी अध्यक्ष आशा राईको अध्यक्षतामा भएको कार्यक्रममा महान्याधिवक्ता डा दीनमणि पोखरेल, उपाध्यक्ष सुधीर कर्ण, बारका पूर्वअध्यक्ष निरञ्जन श्रेष्ठ, उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका न्यायाधीश शान्तासुवेदी सेढाईं, अधिवक्ता वीरेन्द्र ठाकुर, गीता पाठक, शर्मिला थापा विष्ट, शुभम् लोप्चन, जुली कर्णलगायतले भेलाको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण किरणकुमारी साहले गरेकी थिइन् ।




**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।**

- सार्वजनिक निकायका कामकारबाईलाई पारदर्शी बनाऔं ।
- सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
- आधिकारिक सेवाप्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं ।
- सकेसम्म सेवाग्राही आफैंले सेवा प्राप्त गर्ने गरौं ।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड